# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बर्दिबास नगरपालिका

### महोत्तरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बर्दिबास नगरपालिका

## महोत्तरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

बर्दिबास नगरपालिका

महोत्तरी


**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय** मधेश प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ८२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
बर्दिवास नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
महोत्तरी ।

**कैफियत सहितको राय**

हामीले बर्दिवास नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ५ करोड ६३ लाख ३६ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट प्रतिकृया प्राप्त पश्चातबाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ करोड २१ लाख ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ९५ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु ९७ लाख ८ हजार र पेश्की रू. ४९ लाख ५३ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु ३४ करोड २७ लाख २६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ३९ करोड ९० लाख ६२ हजार रहेको छ । **नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

बर्दिबास नगरपालिका, महोत्तरी

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७३ | १४९ | ५६३३६ | ० | ० | ० | ७३ | १४९ | ५६३३६ | १२१०३ | ९७०८ | २९५७२ | ० | ० | ३९२८० | ४९५३ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बर्दिबास नगरपालिका महोत्तरी | ३४२७२६ | ० | | ३४२७२६ | ० | ५६३३६ | ३९९०६२ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बर्दिबास नगरपालिका, महोत्तरी , बर्दिबास नगरपालिका , महोत्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गणेश प्रसाद दाहाल | २०७८-११-२७ | |
| कार्यालय प्रमुख | धर्मानन्द जोशी | २०७९-२-१७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | रेवती प्रसाद पराजुली | २०७७-४-१ | २०७८-११-२७ |
| लेखा प्रमुख | सर्मिला कुमारी तामाङ्ग | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५६,३३६,१२६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३९,६८,४१,६४५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६२,१३,३५,००० | **चालु खर्च** | ४७,७१,२१,९१७ |
| **प्रदेश सरकारबाट अनुदान** | २,७४,२८,००० | **पूँजीगत खर्च** | ३९,०९,७०,१२७ |
| **राजश्व बाँडफाँट** | २८,७४,६२,१६७ | **वित्तीय/अन्य व्यवस्था** | ४१,९३,५५,४७६ |
| **आन्तरिक आय** | ८,७८,८४,००९ | | |
| **अन्य आय** | ३२,४१,५६,८७० | | |
| **कुल आय** | १,३४,८२,६६,०४६ | **कुल खर्च** | १,२८,७४,४७,५२० |
| **बाँकी मौज्दात** | | ४५,७६,६०,१७१ | |

| क्रम | भौचर नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः** स्थानीय शासन पद्धतिलाई सूदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना २०७३ सालमा भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, | |

सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडा, ३१५.६ वर्ग किलोमिटर क्षेत्रफल तथा ६६३५८ जनसंख्या रहेको छ ।

२ **लेखापरीक्षणः** पालिकाको आर्थिक वर्ष २०७८।७९ को वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।१०।१७ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।

३ **वित्तीय प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १,२८,२२,५८,८७२.७६ | ९७,९४,९६,३८६.६१ | ९७,९४,९६,३८६.६१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | १,२४,१९,४६,०००.०० | ९३,९१,७२,२१६.६३ | ९३,९१,७२,२१६.६३ |
| ११००० कर | ११ | २७,९३,४८,०००.०० | २५,९५,५९,८७७.४४ | २५,९५,५९,८७७.४४ |
| १३००० अनुदान | | ६५,०९,६३,०००.०० | ५६,३८,२६,०४०.५२ | ५६,३८,२६,०४०.५२ |
| संघीय सरकार | १२ | ६२,३५,३५,०००.०० | ५४,५२,८१,८५३.५२ | ५४,५२,८१,८५३.५२ |
| प्रदेश सरकार | १२ | २,७४,२८,०००.०० | १,८५,४४,१८७.०० | १,८५,४४,१८७.०० |
| १४००० अन्य राजस्व | | ११,१५,८५,०००.०० | ११,५७,८६,२९८.६७ | ११,५७,८६,२९८.६७ |
| १५००० विविध प्राप्ति | | ५०,०००.०० | ० | ० |
| ३३००० दायित्व | | २०,००,००,०००.०० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | ४,०३,१२,८७२.७६ | ४,०३,२४,१६९.९८ | ४,०३,२४,१६९.९८ |
| वितरण गर्न बाकी राजस्व | | ० | १,८८,२९,९२२.९८ | १,८८,२९,९२२.९८ |
| कोषहरु | | ४,०३,१२,८७२.७६ | १,२४,२४,५४५.०० | १,२४,२४,५४५.०० |
| धरौटी | | ० | ९०,६९,७०२.०० | ९०,६९,७०२.०० |
| भुक्तानी (ग+घ) | | १,६५,२९,७९,५२२.६० | ८९,२१,५३,४७६.५९ | ८९,२१,५३,४७६.५९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,६१,२६,६६,६४९.८४ | ८६,८०,९२,०४३.७५ | ८६,८०,९२,०४३.७५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३३,६२,९४,०००.०० | ३०,५१,९८,४०१.८३ | ३०,५१,९८,४०१.८३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७,४१,२४,०००.०० | १२,१४,३९,३६२.०८ | १२,१४,३९,३६२.०८ |
| २५००० सहायता (Subsidy) | १८ | ४,७०,५९,०००.०० | ३,६१,६४,५६५.२० | ३,६१,६४,५६५.२० |
| २७००० सामाजिक सुरक्षा | १८ | ८४,०८,०००.०० | ५६,६७,९८८.०० | ५६,६७,९८८.०० |
| २८००० अन्य खर्च | १८ | १,०७,००,०००.०० | ८६,५१,६००.१० | ८६,५१,६००.१० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १,०३,६०,८१,६४९.८४ | ३९,०९,७०,१२६.५४ | ३९,०९,७०,१२६.५४ |
| घ. अन्य भूक्तानी | | ४,०३,१२,८७२.७६ | २,४०,६१,४३२.८४ | २,४०,६१,४३२.८४ |
| कोषहरु | | ४,०३,१२,८७२.७६ | १,९८,४२,४६३.५१ | १,९८,४२,४६३.५१ |
| धरौटी | | ० | ४२,२९,१८०.३३ | ४२,२९,१८०.३३ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१०,२११.०० | -१०,२११.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | (३७,०७,२०,६४९.८४) | ८,७३,४२,९१०.०२ | ८,७३,४२,९१०.०२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३६,५३,१६,५६०.९३ | ३६,५३,१६,५६०.९३ |

| | | | | |
|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | (३७,०७,२०,६४९.८४) | ४५,२६,५९,४७०.९५ | ४५,२६,५९,४७०.९५ |
| बैंक तथा नगद बाकी | २४ | | ४५,७६,६०,१७०.९५ | ४५,७६,६०,१७०.९५ |

४

**एकिकृत आय व्यय विवरणः** पालिकाले तयार गरेको आर्थिक बर्ष २०७८।७९ को एकिकृत आर्थिक विवरण निम्नानुसार रहेको छ ।

| एकिकृत आर्थिक विवरण | | | | | |
|---|---|---|---|---|---|
| आयतर्फ | | | ब्ययतर्फ | | |
| क्र.सं. | विवरण | रकम | क्र.सं. | विवरण | रकम |
| १ | गत बर्षको जिम्मेवारी | ३९६८४१६४५ | १ | जम्मा खर्च | ८६८०९२०४४ |
| २ | राजस्व बाँडफाड वाट प्राप्त | २८७४६२१६७ | | चालु खर्च | ४७७१२१९१७ |
| | स्थानीय | १३०३८७७९८ | | पुँजिगत खर्च | ३९०९७०१२७ |
| | संघीय | १४६४४३७२९ | २ | अन्तरसरकारी अख्तयारी | २४६०८६६४३ |
| | प्रदेश | १०६३०६३९ | | सामाजिक सुरक्षा | २३९६५२३६६ |
| ३ | संघीय अनुदान | ६२१३३५००० | | नगर प्रशासनिक भवन | ४९७४९६७ |
| | समानीकरण | १७७३००००० | | पर्यटन पुर्वाधार विकास | १४५९३१० |
| | सशर्त | ४४४०३५००० | ३ | अन्य खर्च | ८८३३९८७४ |
| ४ | प्रदेश अनुदान | २७४२८००० | | प्रकोप व्यवस्थापन | ६६०९४१४ |
| | समानीकरण | १२४२८००० | | बिभाज्य कोष | ६४२७०४४२ |
| | सशर्त | १००००००० | | धरौटी | ४२२९१८० |
| | समपुरक | २०००००० | | विविध खर्च | १३१४५८८४ |
| | बिशेष | ३०००००० | | विविध कोष | ७६९५४ |
| ५ | आन्तरिक आय | ८७८८४००९ | ४ | फिर्ता खर्च | ८४९३६९५९ |
| ६ | अन्तरसरकारी आय | २४६०८६६४३ | | संघीय अनुदान | ७६०५३१४६ |
| | सामाजिक सुरक्षा | २३९६५२३६६ | | प्रदेश अनुदान | ८८८३८१३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | नगर प्रशासनिक भवन | ४९७४९६७ | ५ | बैंक मौज्दात | ४५७६६०१७१ |
| | पर्यटन पुर्वाधार विकास | १४५९३१० | | संचितकोष | ३९२३००८२३ |
| ७ | अन्य आय | ७८०७०२२७ | | बिबिध खर्च खाता | ४१४५७८ |
| | प्रकोप व्यवस्थापन कोष | ७७१५२५८ | | विविधकोष खाता | ११३३८२३६ |
| | धरौटी | ९२१८७०२ | | धरौटी खाता | १८३१६८८९ |
| | बिभाज्य कोष | ४७०७४८०५ | | प्रकोप व्यवस्थापन | १६४५९७२२ |
| | कर्मचारी कल्या कोष | ५००००० | | विभाज्य कोष | १८८२९९२३ |
| | विविध खर्च खाता | १३५६०४६२ | | | |
| | जम्मा | १७४५१०७६९१ | | जम्मा | १७४५१०७६९१ |

५ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ ।पालिकाले सूत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सूरक्षा तथा संरक्षणको रु.२३,९६,५२,३६६।-, पर्यटन पुर्वाधार विकास कार्यक्रमको रु.१४,५९,३१०।- र प्रशासनिक भवन निर्माणको रु. ४९,७४,९६७।- समेत जम्मा रु.२४,६०,८६,६४३।-सूत्रमा लेखा राखेको छैन । जसले गर्दा सूत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सूत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

६ **फरक हिसावः** यस पालिकाले सूत्रबाट तयार गरेको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन* (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ३,१५,२५,०८५।-,यस वर्षको प्राप्ति रु.३८,०७,७४,८४९।- र यस वर्षको भुक्तानी रु. ३९,६३,८४,०४४।- फरक परेको छ । सूत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति (आय)** | **यसवर्षको भुक्तानी (व्यय )** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सूत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ३६५३१६५६० | ९७९४९६३८६ | ८९२१५३४७६ | ४५७६६०१७० |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ३९६८४१६४५ | १३६०२७१२३५ | १२८८५३७५२० | ४५७६६०१७० |
| **फरक** | ३१५२५०८५ | ३८०७७४८४९ | ३९६३८४०४४ | |

७

**फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु.४५,१२,०६,२६०।- रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु.३९,६८,४१,६४५।- मात्र जिम्मेवारी सारेको देखिएकोले रु. ५,४३,६४,६१५।- घटी जिम्मेवारी सारेको छ । पालिकाले गत वर्षको बैंक मौज्दात रु. ४,९५,००,०००।- लाई अल्या नगरी आन्तरिक स्रोत तर्फ आम्दानी जनाएको र विविध तर्फको मौज्दात रु. ४८,६४,६१५।- लाई अल्या नगरी यस वर्षको विविधतर्फको आम्दानीमा देखाएकोले अल्या घटी जिम्मेवारी सारेको देखिएको उल्लेख गरेको छ । पालिकाले एकिकृत आय व्यय विवरण तयार गर्दा गत वर्षको मौज्दातलाई यस वर्षको आम्दानीमा नदेखाई गत वर्षको मौज्दात अल्यामा देखाउनु पर्दछ । यसरी गत वर्षको मौज्दातलाई यस वर्षको आम्दानीमा देखाउदा पालिकाले तयार गरेको एकिकृत आय व्यय विवरणमा देखाएको आदानीले यथार्थ चित्रण गर्दैन ।

८

**बैङ्क हिसाव विवरणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाले लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार आय व्ययको लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले पेश गरेको एकिकृत आय व्यय विवरण र २०७९ असार मसान्तको बैंक मौज्दातमा निम्नानुसार फरक परेको छ ।

| **खाता** | **स्रेस्ता अनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ३९२३००८२२ | १०४६८५५४० | २८७६१५२८२ |
| चालु खर्च खाता | ० | २०८५९०१८ | २०८५९०१८ |
| पुँजीगत खर्च खाता | ० | २७१३८६१८८ | २७१३८६१८८ |
| विविध खर्च खाता | ४१४५७७ | ४१४५७७ | ० |
| विविध कोष खाता | ११३३८२३६ | ११३३८२३६ | |
| प्रकोप व्यवस्थापन खाता | १६४७६९१४ | १६४७६९१४ | ० |
| धरौटी मौज्दात | १८३१६८८९ | १८३१६८८९ | ० |
| बिभाज्यकोष खाता | १८८२९९२२ | ३३२४०१०१ | १४४१०१७९ |
| **जम्मा** | **४५७६७७३६०** | **४७६७१७४६३** | **१९०४०१०३** |

पालिकाले पेश गरेको आय व्यय विवरणमा देखिएको मौज्दात रकम र २०७९ आषाढ मसान्तको बैंक मौज्दात रकम फरक परेको सम्वन्धमा पालिकाले चालु र पुँजिगत खर्च खातावाट खर्च नभई बाँकी रहेको रकम संचितकोषमा फिर्ता पठाएको तर उक्त रकम संचितकोषमा असार मसान्त पछीमात्र ट्रान्सफर भएको, खर्च लेखेको केही चेकको रकम असार मसान्त पछी मात्र साँटिएको र बिभाज्य कोषको रकम खर्च लेखेता पनी

२०७९ आश्विनममा मात्र बैंकवाट रकम ट्रान्सफर भएकोले असार मसान्तको बैंक मौज्दात र आय व्यय विवरणमा देखिएको मौज्दात रकम फरक परेको जनाएको छ ।

९

**बजेट पेश, पारित र अख्तियारीः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७८।३।९ मा रु. १ अर्व ६३ करोड ५१ लाख ५७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।३।९ मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७८।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पालिकाले ऐन नियममा भएको व्यस्था बमोजिम समयमै बजेट पारित गरेको देखिएता पनि प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी भने ढिला दिएको देखियो । पालिकाले तोकिएको समयमै वजेट पारित गरी खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्दछ ।

१०

**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा | खर्च प्रतिशत बजेटको तुलनामा |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ९१३०१३४३ | ४८६०७२५७ | ५.६० | ५३.२४ |
| २ | पूर्वाधार विकास | ६८४१६९३६७ | ३१३२८११२३ | ३६.०७ | ४५.७७ |
| ३ | सामाजिक विकास | ५९०५३४९३९ | ४२४७३४२७२ | ४८.९३ | ७१.९२ |
| ४ | सूशासन तथा अन्तरसम्वन्धित क्षेत्र | २६४०५००० | १९०४३५७० | २.१९ | ७२.१२ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | २२०२५६००० | १४२४२५८१९ | १६.४१ | ६४.६६ |
| **जम्मा** | | **१६१२६६६६४९** | **८६८०९२०४३** | **१००** | **५३.८२** |

उपरोक्त विवरण अनुसार सभाले बिनियोजन गरेको बजेट वाट यस वर्ष भएको कुल खर्च मध्ये सबैभन्दा बढी खर्च सामाजिक विकासमा ४८.९३ प्रतिशत र घटीमा सूशासन तथा अन्तरसम्वन्धित क्षेत्र २.१९ प्रतिशत रहेको छ । त्यस्तै पुर्वाधार विकासमा बजेटको तुलनामा ४५.७७ प्रतिशतमात्र खर्च भएको छ भने कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ बजेटको तुलनमा ६४.६६ प्रतिशत खर्च भएको छ । पालिकाले अन्य क्षेत्र भन्दा पुर्वाधार बिकासको क्षेत्रमा वजेट विनियोजन तथा खर्चलाई बृद्धी गर्नुपर्दछ ।

११

**योजनाको प्राथमिकीरणः**स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताको आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ।तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नानुसार १४ वडाको लागि वडागत र पालिकास्तरका कुल ३१० योजनामा वजेट

<table>
<tr><td></td><td></td><td></td><td>विनियोजन गरेको छ।
<table>
<tr><th>योजनाको विवरण</th><th>योजनाको संख्या</th></tr>
<tr><td>रु. ५ लाख भन्दा कमका योजना सङ्ख्या</td><td>११९</td></tr>
<tr><td>रु. ५ लाख देखि १० लाख सम्मका योजना</td><td>९२</td></tr>
<tr><td>रु. १० लाख देखि ५० लाख सम्मका योजना</td><td>७२</td></tr>
<tr><td>रु. ५० लाख भन्दा माथिका योजना</td><td>२४</td></tr>
<tr><td>जम्मा</td><td>३१०</td></tr>
</table>
<br>
उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका पुजिगततर्फका उल्लेखित ३१० योजना र अन्य कार्यक्रम समेत जम्मा ४६६ मध्ये ३५२ योजना तथा कार्यक्रम मात्र कार्यान्वयन भई ११४ योजना तथा कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>चौमासिक खर्चःस्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार निर्धारित त्रैमासिक कार्यक्रम/क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको पुँजिगत तर्फको चौमासिक खर्चको विवरण अनुसार कूल खर्च मध्ये प्रथम चौमासिकमा ११.९२ प्रतिशत, दोस्रो चौमासिकमा २५.४२ प्रतिशत र तेस्रो चौमासिकमा ६२.६६ प्रतिशत खर्च भएको छ । पालिकाले कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा विनियोजित वजेट खर्च नगरी आर्थिक वर्षको अन्तमा मात्र खर्च गर्ने कार्यलाई नियन्त्रण गरी तोकिएको समयमै कार्यसम्पादन गर्नुपर्दछ ।
<table>
<tr><td rowspan="2">कुल खर्च</td><td colspan="3">चौमासिक खर्च (रकम रु हजारमा)</td></tr>
<tr><td>प्रम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td></tr>
<tr><td>३९०९७०</td><td>४६५७६</td><td>९९३९३</td><td>२४५०००</td></tr>
<tr><td>१००</td><td>११.९२</td><td>२५.४२</td><td>६२.६६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>लक्ष्य तथा प्रगतिः पालिकाले स्वीकृत कार्यक्रम अनुसार कार्य संचालन गरी लक्ष्य हासिल गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ पुँजिगततर्फ समग्रमा ३७.७३ प्रतिशत प्रगति भएको देखिएतापनि जम्मा ४६६ योजना तथा कार्यक्रम मध्ये ११४ योजना तथा कार्यक्रममा बजेट विनियोजन भएकोमा खर्च नभई शुन्य प्रगति भएको छ । पालिकाले शुन्य प्रगति भएका योजना तथा कार्यक्रमको सम्वन्धमा बास्तविक कारण पहिचान गरी स्वीकृत कार्यक्रम अनुसार शत प्रतिशत प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>रकमान्तरः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७८ अनुसार यस वर्ष रु. १० करोड ४१ लाख ९७ हजार बजेट घटाई रु. १३ करोड ६४ लाख २५ हजार वजेट कार्यपालिकाको निर्णयबाट रकमान्तर गरी बढाएको देखिन्छ । पालिकाले</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>चालु प्रकृतिका खर्च शिर्षकमा समेत रकमान्तर मार्फत बजेट बढाएको देखिन्छ । यसरी चालु प्रकृतिको खर्चमा रकमान्तर गरी खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>खर्च बिश्लेषणः पालिकाको यसवर्ष आन्तरिक आयबाट रु. ८ करोड ७८ लाख, राजस्व बाँडफाँडवाट रु. २८ करोड ७४ लाख, संघीय र प्रदेश अनुदानवाट रु. ६४ करोड ८७ लाख र गत वर्षको अल्या रु. ३८ करोड ५९ लाख समेत जम्मा आम्दानी १ अर्व ४० करोड ९८ लाख भएकोमा चालु तर्फ रु. ४७ करोड ७१ लाख र पूँजिगत तर्फ रु. ३९ करोड ९ लाख खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा करिव १० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९ प्रतिशत चालु प्रकृतिको कार्यमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>सेवा प्रवाहः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने र सोही कानुनको आधारमा प्रभावकारी तथा गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने उल्लेख छ । पालिकाले ३७ वटा ऐन/कानुन/निर्देशिका र कार्यविधि वनाएकोमा सोको प्रभाकारी कार्यान्वयन गरी सेवा प्रवाह गरेको देखिएन । पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष निम्नानुसार सेवाप्रवाह गरेको देखिन्छ ।
<table>
<tr><th>विवरण</th><th>निवेदन दर्ता संख्या</th><th>फछ्र्यौट संख्या</th></tr>
<tr><td>स्वीकृत घरनक्सा र अभिलेखिकरण</td><td>३३९</td><td>१२२</td></tr>
<tr><td>जन्मदर्ता</td><td>२१८९</td><td>२१८९</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>५२७</td><td>५२७</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>४२१</td><td>४२१</td></tr>
<tr><td>विवाह दर्ता</td><td>८७४</td><td>८७४</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>१७</td><td>१७</td></tr>
<tr><td>न्यायिक समिति</td><td>१७</td><td>२</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा प्रवाह सन्तोषजनक नदेखिएकोले नक्सा पास लगायत अन्य सेवाप्रवाहतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अनुदान फिर्ताः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकावाट प्राप्त विवरण अनुसार संघ र प्रदेशवाट देहायबमोजिमको सशर्त अनुदान प्राप्त भएकोमा खर्च नभई बाँकि रहेको रु. ८,४९,३६,९५९।- मध्ये रु. ८,२२,३६,९५९।- २०७९ आषाढ भित्र र प्रदेशतर्फको रु. २७,००,०००।- २०७९ श्रावण १३ मा मात्र फिर्ता गरेको छ । पालिकाले खर्च नभई बाँकी रहेको रकम सोही आर्थिक वर्ष भित्र फिर्ता गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>अनुदानको श्रोत</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता रकम</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>संघीय</td><td>४४४०३५०००</td><td>३६७९८१८५४</td><td>७६०५३१४६</td></tr>
<tr><td>प्रदेश</td><td>१५००००००</td><td>६११६१८७</td><td>८८८३८१३</td></tr>
<tr><td>जम्मा</td><td>४५९०३५०००</td><td>३७४०९८०४१</td><td>८४९३६९५९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण प्रणाली:स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:
<ul>
<li>पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।</li>
<li>पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।</li>
<li>सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सूनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सूनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।</li>
<li>निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।</li>
<li>ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सूरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।</li>
<li>पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा सबै निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।</li>
<li>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. २१ लाख २६ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</li>
<li>पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।</li>
<li>पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।</li>
<li>पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।</li>
<li>संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।</li>
</ul>
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सोको पुर्णरुपमा अद्यावधिक गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरेतापनि सोको प्रभावकारी कार्यान्वयन गरेको छैन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंङ्क खडा गरेको देखिएन ।<br>• दिगो विकास योजना (२०१६-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले साविकको जिल्ला विकास समितिवाट समायोजन भई आएका कर्मचारीहरुको तलवि प्रतिवेदन पारित गरेको देखिएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सूदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १९ | | | **आन्तरिक लेखापरीक्षणः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको अन्तर सरकारी अख्तियारीको बाहेक अन्य आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । साथै आन्तरिक लेखापरीक्षण शाखा समेत गठन गरेको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २० | | | **कर्मचारी व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न पदमा करारमा ३७ जना र १६ जना कर्मचारीलाई ज्यालदारीमा नियुक्ति गरी बार्षिक रु. २,३९,९१,७२८।- खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । तर पालिकाले माथि उल्लेखित पद वाहेकको ईन्जिनियर, सव ईन्जिनियर,कम्प्यूटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, अमिन र सामाजिक परिचालक ७ जना समेत ११ जना कर्मचारीलाई करारमा नियुक्ति गरी वर्षभरीमा रु. ३६,७६,१४०।- खर्च लेखेको नियमसम्मत नदेखिएको रु. | ३,६७६,१४० |

| | | | | |
|---|---|---|---|---|
| २१ | | | **कल्याणकारी कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु. ५,००,०००।÷ ट्रान्सफर गरेको छ । **पालिकाले** कर्मचारी कल्याकोष संचालन सम्वन्धी मादण्ड र कार्यविधि तयार गरेरमात्र उक्त कोष संचालन गर्नुपर्दछ । | |
| २२ | | | **कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको छ । पालिकाले मन्त्रालयवाट प्राप्त नमुना कानुनहरुको आधार मानी यस वर्ष सम्म ७ वटा ऐन, ३ नियमावली, २४ कार्यविधि र ३ निर्देशिका बनाएको देखिन्छ । पालिकाले नगरसभावाट ऐन नियम र कानुनहरु पारित गरेता पनि उक्त कानुनहरुको कार्यान्वियन प्रभावकारी रुपमा गरेको देखिएन । पालिकाले निर्माण गरेका कानुनहरुको प्रभाबकारी कार्यन्वयन गर्नुपर्दछ। | |
| २३ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकावाट प्राप्त विवरण अनुसार गत वर्षको फछ्र्यौट गर्न बाँकी उजुरी ४ र यस वर्ष दर्ता भएको १३ समेत जम्मा १७ उजुरी मध्ये यस वर्ष २ उजुरीको फछ्र्यौट गरी १५ उजुरी आगामि वर्षको लागि जिम्मेवारी सारेको छ ।पालिकामा न्यायिक समितिले दर्ता भएका उजुरी तथा निवेदनको तोकिएकै समयमा फछ्र्यौट गर्नुपर्दछ । | |
| २४ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र बर्गिकरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेख देख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छनः<br><br>• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ।<br>• पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ ।<br>• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गामा उक्त जग्गा सार्वजनिक जग्गा भएको उल्लेख गरी सूचना पार्टी टाँस गर्नुपर्दछ ।<br>• भू उपयोग ऐन, २०७६ को दफा १८ म प्रत्येक स्थानीय तहमा स्थानीय भु उपयोग परिषद गठन गर्नुपर्ने र उक्त परिषदले स्थानीय भु उपयोग योजना तर्जुमा गर्ने, भूमि सम्वन्धी लगत संकलन, बिशलेषण र प्रयोग गर्ने, आफ्नो तहको भु उपयोग सम्वन्धी नक्सा तयार गर्ने र आवश्यकता अनुसार भु उपयोग उप क्षेत्रको वर्गिकरण गर्ने लगायतका काम कर्तव्य रहने उल्लेख गरेको छ । पालिकामा भु उपयोग ऐन र नियममा भएको व्यवस्था बमोजिम स्थानीय भु उपयोग परिषद गठन भएतापनि उक्त परिषदले प्रभावकारी रुपमा कार्य गरेको देखिएन । पालिकामा रहेको भू उपयोग परिषदले ऐन र नियममा उल्लेख भए बमोजिमको कार्य गरी भु उपयोग क्षेत्र बर्गिकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ । | |
| २५ | | | **जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये | |

<table>
<tr><td></td><td></td><td></td><td>मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>यन्त्र उपकरण सञ्चालनः पालिकामा एक जे.सि.वि., दुई एम्वुलेन्स, एक दमकल, एक शव वहान, एक रोलर र एक ट्रिपर सञ्चालनमा रही उक्त यन्त्र उपकरण संचालनको लागि यस वर्ष मर्मतमा रु. ७ लाख ५७ हजार खर्च भएको छ तर उक्त यन्त्र उपकरण सञ्चालन वापतको आय भने शुन्य रहेको छ । यस सम्वन्धमा पालिकाले उल्लेखित उपकरणहरु भाडामा दिने नगरेको पालिकाको काममानै प्रयोग गर्ने गरेको र एम्वुलेन्स अस्पतालले प्रयोग गर्ने गरेको उल्लेख गरेकोमा उक्त अस्पतालले के कती आम्दानी गरेको हो सोको अभिलेख राखेको देखिएन । उपकरण पालिका आफैले प्रयोग गर्ने तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार गरेको छैन भने पालिकाले आफ्नो कार्यमा जेसिवी, रोलर र ट्रिपर प्रयोग गर्ने गरेको उल्लेख गरेकोमा उक्त उपकरणहरु प्रयोग गरी सम्पन्न गरेको कार्यको प्राबिधिक पुष्ट्याई सहित कार्यको परिमाण खुल्ने अभिलेख राखेको छैन जसवाट उपकरणहरुको संचालन खर्चको सम्वन्धमा बिश्लेषण गर्न सकिएन । पालिकाको उपकरणहरु आफ्नै कार्यमा प्रयोग गरेको कार्यको व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ र यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>विविध खर्चः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा व्ययको वजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । पालिकाले यो वर्ष खाना खाजा तथा विविध तर्फ रु.२९,०७,७४३।- खर्च गरेको छ । खर्च गरेको विल पेश गरेता पनि खर्च पुष्टी गर्ने स्पष्ट कागजात पेश गरेको देखिएन । पालिकाले यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गरी सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>आर्थिक सहायताः पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १७ व्यक्तिहरुलाई रु. ५ लाख ८६ हजार आर्थिक सहायता प्रदान गरेको मा वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>पेश्की बाँकीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने र नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाको गत आर्थिक वर्ष सम्मको फछ्र्यौटगर्न बाँकी पेश्की रु. १,०३,२१,४६८।- रहेकोमा चालु आर्थिक वर्षको रु. १,६८,०९,९००।- पेश्की बाँकी रहेकोमा सो मध्ये रु. ५,३०,०००।- म्याद नाघेको पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभई बाँकी रहेको देखिन्छ । पालिकाले फछ्र्यौट नभई बाँकी रहेको पेश्की नियमावलीमा भएको व्यवस्था बमोजिम फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>पेश्की लिएको मिति</th><th>भौ.नं.</th><th>पेश्की लिनेको नाम</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td colspan="6">निर्माण व्यवसायी</td></tr>
<tr><td>१</td><td>२०७८/०४/०१</td><td>१</td><td>देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि.</td><td>०</td><td></td></tr>
<tr><td>२</td><td>२०७८/०६/१०</td><td>११</td><td>ज्ञान ज्योति बिल्डर्स प्रा.लि</td><td>१२९९०००</td><td></td></tr>
</table></td><td>५३०,०००</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | २०७८/१०/२१ | १५१ | जि.एस.निर्माण सन्सार कम्पनी प्रा.लि. | ६६०९०० | |
| ४ | २०७९/०१/०९ | २६६ | खांडादेवी कन्स्ट्रक्सन प्रा.लि | ३८६००० | |
| ५ | २०७९/०१/०९ | २६६ | खांडादेवी कन्स्ट्रक्सन प्रा.लि | ३९०००० | |
| ६ | २०७९/०१/०९ | २६६ | खांडादेवी कन्स्ट्रक्सन प्रा.लि | ४२७००० | |
| ७ | २०७९/०१/०९ | २६६ | खांडादेवी कन्स्ट्रक्सन प्रा.लि | २५८००० | |
| ८ | २०७९/०१/०९ | २६७ | देव बिष्णु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३४०००० | |
| ९ | २०७९/०१/०९ | २६७ | देव बिष्णु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५१०००० | |
| १० | २०७९/०१/०९ | २६७ | देव बिष्णु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २१४००० | |
| ११ | २०७९/०१/०९ | २६७ | देव बिष्णु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३४०००० | |
| १२ | २०७९/०१/१६ | २८९ | देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ३६८०००१३ | |
| १३ | २०७९/०१/१६ | २८९ | देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ३६६००० | |
| १४ | २०७९/०१/१६ | २८९ | देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | २९४००० | |
| १५ | २०७९/०१/१६ | २८९ | देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ३६८००० | |
| १६ | २०७९/०१/१६ | २८९ | देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | २९४००० | |
| १७ | २०७९/०१/२३ | २९६ | खांडादेवी कन्स्ट्रक्सन प्रा.लि | ३८६००० | |
| १८ | २०७९/०१/२३ | २९६ | खांडादेवी कन्स्ट्रक्सन प्रा.लि | ३९०००० | |
| १९ | २०७९/०१/२३ | २९६ | खांडादेवी कन्स्ट्रक्सन प्रा.लि | ४२७००० | |
| २० | २०७९/०१/२३ | २९६ | खांडादेवी कन्स्ट्रक्सन प्रा.लि | २५८००० | |
| २१ | २०७८/०६/२२ | ४९ | ए.एम. पाइनस ओम निलकण्ठेश्वर जे.भी | ४३००००० | |
| २२ | २०७८/०७/१५ | ५७ | ए.एम. पाइनस ओम निलकण्ठेश्वर जे.भी | ९००००० | |
| २३ | २०७८/०९/२९ | १२२ | ए.एम. पाइनस ओम निलकण्ठेश्वर जे.भी | १७००००० | |
| २४ | २०७९/०१/२३ | २९५ | देव बिष्णु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३४०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | २०७९/०१/२३ | २९५ | देव बिष्णु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५१०००० | |
| २६ | २०७९/०१/२३ | २९५ | देव बिष्णु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २१४००० | |
| २७ | २०७९/०१/२३ | २९५ | देव बिष्णु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३४०००० | |
| **व्यक्तिगत** | | | | | |
| २८ | २०७८/०८/०८ | २१ | शान्त कुमारी थापा | | ५००००० |
| २९ | २०७९/०२/१६ | ४७७ | सोम कुमार फुयाँल | | ३०,००० |
| **जम्मा** | | | | **१६२७९९००** | **५३००००** |

| | | | | |
|---|---|---|---|---|
| ३० | | | **घटी पेश्कीः**पालिकाको म.ले.प.फा.नं २७२ (सूत्र) को अनुसूची २१ मा गत वर्षको समेत जम्मा पेश्की बाँकी रु.२,८४,९४,७६८।– देखिएकोमा म.ले.प.फा.नं २११ पेश्की बाँकीको विवरणमा रु.२,७१,३१,३६८।– पेश्की बाँकी देखिएकोले पेश्की बाँकीको विवरणमा रु. १३,६३,४००।– घटी पेश्की बाँकी देखिन्छ । पालिकाले घटी देखिएको पेश्की रकमको पेश्की जनाई नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु. | १,३६३,४०० |
| ३१ | | | **कर तथा शुल्क असूलीः**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५,५६,५७,५८,५९ र पालिकाको आर्थिक ऐन, २०७८ मा पालिकाको क्षेत्र भित्र घर बहालकर, सम्पती कर, भुमि तथा मालपोत कर, बिज्ञापन कर र अन्य कर तथा शुल्क असूल गर्ने उल्लेख छ । पालिकाले यस वर्ष आर्थिक ऐनमा भएको व्यवस्था अनुसार बिभिन्न शिर्षकमा गरेको आयको अनुमान र असूलीको अवस्था निम्नानुसार छ । | |

| क्र.सं. | आयको शिर्षक | आय अनुमान | असूली | असूली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पति बहाल तथा पट्टावापतको आयमा लाग्ने कर | १००००००००० | ४९०५७८ | ०.४९ |
| २ | एकिकृत सम्पती कर | ६०००००० | ५६६८७५९ | ९४.४८ |
| ३ | भूमी कर मालपोत कर | ४०००००० | ३०२००६७ | ७५.५ |
| ४ | घर बहाल कर | ६०००००० | ११६२१७५२ | १९३.७ |
| ५ | बहाल विटौरी कर | ५०००० | ० | ० |
| ६ | मनोरन्जन कर | १५००० | ० | ० |
| ७ | पशुजन्य कर | ५००००० | ० | ० |
| ८ | पर्यटन शुल्क | ५०००० | ० | ० |
| ९ | अन्य सेवा शुशल्क तथा बिक्री | १०००००० | ४४८०३९५ | ४४८.०४ |

| | | | | |
|---|---|---|---|---|
| १० | प्रशासनिक सेवा शुल्क | ३५०००० | ९४०४७४ | २६८.७ |
| ११ | नक्सापास दस्तुर | ४०००००० | १७२८०६० | ४३.२ |
| १२ | सिफारिस दस्तुर | ५०००००० | ५१३७२३२ | १०२.७४ |
| १३ | व्यक्तिगत घटना दर्त दस्तुर | २००००० | २३२५९९ | ११६.३० |
| १४ | अन्य दस्तुर | ३००००० | १३८३४६६ | ४६१.१६ |
| १५ | प्रशासनिक दण्ड जरिवाना र जफत | १५००००० | ३३४४०० | २२.२९ |
| १६ | अन्य राजस्व | १००००० | ४९७०८४७७ | |
| १७ | व्यवसाय कर | ६०००००० | ३१३७९२५ | ५२.३ |
| १८ | बेरुजु | ५०००० | ० | ० |
| **जम्मा** | | **१३५११५०००** | **८७८८४१८४** | ६५.०४ |

पालिकाले यस वर्ष आय अनुमानको समग्रमा ६२ प्रतिशत असूली गरेकोमा ५ आय शिर्षकमा शुन्य असूली, ३ आय शिर्षकमा ५० प्रतिशत भन्दा घटी असूली देखिन्छ भने केही आय शिर्षकमा आय अनुमानको तुललनामा ४०० प्रतिशत सम्म राजस्व असूली भएको देखिन्छ । जसवाट पालिकाले गरेको आय अनुमान यथार्थपरक देखिदैन । पालिकाले यस वर्ष अन्य राजस्वमा रु.४,९७,०८,४७७।– असूली भएको देखाएकोमा उक्त अन्य राजस्वमा आम्दानी देखाएको रकम के वापत प्राप्त भएको हो सोको अभिलेख राखेको छैन भने पालिकाले आर्थिक वर्षको अन्तमा बैंकमा देखिएको अस्पताल लगायतको रकमलाई अन्य राजस्वमा आम्दानी जनाएको देखिन्छ । यसरी आम्दानीको व्यवस्थित अभिलेख नराखी एकमुष्ठ बैंकमा जम्मा भएको रकमलाई आम्दानी देखाएकोले पालिकाले देखाएको राजस्व आम्दानी र दाखिला यथार्थपरक छ भन्न सकिएन । पालिकाले आयको अनुमान यथार्थपरक बनाई आय अनुमान गरेका र आर्थिक ऐनमा व्यवस्था भएका सवै आय शिर्षकमा कर तथा शुल्क असूली गर्नेतर्फ ध्यान दिनुपर्दछ । साथै राजस्व आम्दानी र दाखिलाको व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

३२ **राजस्वको अभिलेखः** नगरपालिकाले राजस्व असूलीको लागि सांग्रिला माईक्रोसिस्टम प्रा.लि.ले तयार गरेको सफ्टवेयर प्रयोग गरी राजस्व आम्दानी गर्ने गरेको देखिन्छ । उक्त सफ्टवेयरवाट पालिका र वडा कार्यालयले संकलन गरेको राजस्वको मात्र अभिलेख देखिने तर उक्त संकलन भएको राजस्व वैंक दाखिला भएको देखिने अभिलेख छैन । जसले गर्दा उक्त सफ्टवेयरमा आम्दानी देखिएको राजस्व बैंक दाखिला भए नभएको एकिन गर्न सकिएन । पालिकाको सूत्रको आय ब्यय विवरणमा देखिएको शिर्षकगत राजस्व रकम र राजस्व सम्वन्धी सफ्टवेयरवाट देखिने शिर्षकगत राजस्व रकममा फरक देखिन्छ भने राजस्व सम्वन्धी सफ्टवेयरमा वडा कार्यालय र पालिकाको राजस्व शाखावाट रसिद काटेको रकमको मात्र आम्दानी देखिने तर अन्य बैक दाखिला भएको राजस्व, अस्पतालले दाखिला गरेको राजस्व, बेरुजु दाखिला रकम, र आय ठेक्कावाट प्राप्त रकम उक्त सफ्टवेयरमा आम्दानी देखिदैन । पालिकाले सम्पुर्ण शिर्षकमा हुने आय रकम पालिकाले संचालन गरेको राजस्व सम्वन्धी सफ्टवेयरमा समावेश गर्ने व्यवस्था मिलाउनुका साथै सफ्टवेयर र सूत्रको आय व्यय विवरणमा देखिएको शिर्षकगत राजस्वमा फरक परेको रकमको सम्वन्धमा एकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **आन्तरिक आयको लेखाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजस्व आम्दानी गर्ने प्रत्येक सार्वजनिक निकायले करदातावाट बैंकमा जम्मा हुन आएको बैंक भौचर र नगद प्राप्त भएको आम्दानी रकमको विवरण छुट्टा छट्टै खातामा प्रविष्टी गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा लेखा राख्नु पर्ने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ५९ मा कार्यालयले नियम ५८ बमोजिम राजस्वको आम्दानी जनाउदा जुनसूकै माध्यमवाट प्राप्त भएतापनी त्यस्तो राजस्व आम्दानी र दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अद्यावधिक गर्नुपर्ने उल्लेख छ । पालिकाले सम्वन्धित राजस्व शाखा र बैक स्टेटमेन्टमा प्राप्त भएको आम्दानीको आधारमा गोश्वरा भौचर तयार गरी सोही बमोजिम आम्दानी जनाउने गरेको देखियो । पालिकाले वडा कार्यालय, राजस्व शाखा र अस्पताल लगायत अन्य श्रोतवाट प्राप्त भएको राजस्वको अद्याबिधक अभिलेख राख्नुपर्नेमा बेंक स्टेटमेन्टको आधारमा आर्थिक वर्षको अन्तमा एकमुष्ठ आम्दानी जानउने गरेको देखियो । जसवाट पालिकाले आम्दानी देखाएको र सम्वन्धित शाखा लगायत वडा कार्यालय र अस्पतालले आम्दानी गरेको र सो रकम दाखिला गरेको यथार्थ छ भन्न सकिने अवस्था देखिएन ।पालिकाले जुनसूकै माध्यमवाट प्राप्त भएको राजस्व आम्दानी र दाखिलाको गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्वको लेखा अद्यावधिक गर्नुपर्दछ । | |
| ३४ | | | **ढिला दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा प्रचलित कानुन बमोजिम प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेका बिभिन्न वडा कार्यालयलहरुले आम्दानी भएको राजस्व रकम पाक्षिक वा मासिक रुपमा मात्र बैंक दाखिला गर्ने गरेको देखिन्छ । ऐन नियममा भएको व्यवस्था बमोजिम राजस्व आम्दानी रकम समयमै दाखिला गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| ३५ | | | **घर बहाल करः** नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ४ मा पालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज,गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची ३ बमोजिम घर जग्गा बहाल कर लगाईने र असूल गरिने उल्लेख छ । पालिकामा संचालनमा रहेको स्थानीय तहको राजस्व आम्दानीको प्रणालीवाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ सम्म ५०४ घर तथा जग्गा धनिले बहाल कर वापत रु.१,१६,२१,७५२।– कर तिरेको देखिएकोमा ६५७ घर तथा जग्गाधनिले आर्थिक वर्ष २०७८।७९ सम्ममा रु.१,४३,८९,०१५।– बहाल कर तिर्न बाँकी रहेको देखिन्छ । पालिकाले असूल गर्न बाँकी वहाल कर असूल गर्नुका साथै घर धनिले एक पटक घोषणा गरेको घर बहाललाई न्युनतम बहाल कायम गरी सोही बमोजिम पछिल्ला आर्थिक वर्षमा समेत घर बहाल कर असूल गर्ने तर्फ ध्यान दिनुपर्दछ । त्यस्तै पालिकाले आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम बिभिन्न व्यक्तिले पोखरी बहालमा दिएको सम्वन्धमा कुनै पनि अभिलेख राखेको नदेखिएकोले आफ्नो क्षेत्र भित्र रहेका सार्वजनिक र व्यक्तिगत पोखरी विवरण एकिन गरी अभिलेख राख्नुका साथै सार्वजनिक पोखरीको आय ठेक्का मार्फत आम्दानी र व्यक्तिगत पोखरीको हकमा बहाल दिएको अवस्थामा बहाल कर असूल गर्नुपर्दछ । | |
| ३६ | | | **पार्किङ शुल्कः**नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ११ मा नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सूविधा उपलव्ध गराएवापत अनुसूची ९ बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिने उल्लेख छ । पालिकाले आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम यस वर्ष कुनै पनी सवारी साधन पार्किङ शुल्क असूल गरेको देखिएन । पालिकाले सवारी साधनको पार्किङको सम्वन्धमा आफ्नो क्षेत्र भित्र अनुगमन गरी आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम पार्किङ शुल्क असूलीतर्फ ध्यान दिनुपर्दछ । | |
| ३७ | | | **सम्पति करः**नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा २ मा नगरपालिका क्षेत्र भित्र अनुसूची १ बमोजिम घर जग्गा कर/ सम्पति कर लगाईने र असूल गरिने व्यवस्था छ । पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष सम्पति कर वापत रु. ६१,५९,१५९।- असूल भएको देखिन्छ । पालिकाले जग्गाको सम्वन्धमा जग्गा रहेको क्षेत्र अनुसार क्षेत्रफल बमोजिमको जग्गाको मुल्याङ्कन गर्ने गरेको भएता पनि घरको मुल्याङ्कनको सम्वन्धमा घरको क्षेत्रफल र घरको वनावटको प्रकारको आधारमा घरको न्युनतम मुल्याङ्कन कायम गर्ने सम्वन्धि मापदण्ड तयार गरेको | |

| | | | | |
|---|---|---|---|---|
| | | | देखिएन जसको कारणले वडा कार्यालयले घर जग्गा खरिद बिक्री प्रयोजनको लागि गरेको सिफारिसमा घरको क्षेत्रफल र प्रकार उल्लेख नगरी घरको एकमुष्ठ मूल्य उल्लेख गरी सिफारिस गर्ने गरेको देखिन्छ । पालिकाले घरको न्युनतम मूल्य कायम गर्ने सम्वन्धमा निश्चित मापदण्ड वनाई घरको बास्तविक मूल्य कायम गरी सोही बमोजिम सम्पति कर र घर जग्गा खरिदको लागि वडा कार्यालयले गर्ने सिफारिसमा एकरुपता कायम गर्नुपर्दछ । | |
| ३८ | | | **सार्वजनिक पोखरीः** पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सार्वजनिक पोखरीहरुको एकिन गरी उक्त पोखरीहरुमा आय ठेक्का लगाई आन्तरिक आयमा बृद्धी गर्नुपर्दछ । यस सम्वन्धमा पालिकासंग सार्वजनिक पोखरीहरुको विवरण माग गर्दा पालिका क्षेत्रभित्र रहेका सार्वजनिक पोखरीहरुको अभिलेख नरहेको उल्लेख गरेको छ । अत: पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सार्वजनिक पोखरीहरुको विवरण संकलन गरी व्यवस्थित अभिलेख राख्नुका साथै उक्त पोखरीहरुको आय ठेक्का लगाई आन्तरिक आयमा बृद्धी गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३९ | | | **बिज्ञापन करः** नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ८ मा पालिका क्षेत्रभित्र हुने बिज्ञापनमा अनुसूची ६ बमोजिमको बिज्ञापन कर लगाईने र असूल गरिने उल्लेख छ । पालिकाले आर्थिक ऐनमा भएको व्यस्था बमोजिम बिज्ञापन कर असूलीको लागि ठेक्का आह्वान गरेता पनि कुनै फर्मले ठेक्काको लागि आवेदन पेश नगरेकोले ठेक्का सम्झौता भएको देखिएन । तर नगरपालिका अन्तर्गतको बिभिन्न वजार क्षेत्रको बिभिन्न स्थानमा होर्डिङ वोर्ड, फ्लेक्स प्रिन्ट लगायतका माध्यमवाट आफ्नो व्यवसायिक कारोवारको प्रचार प्रसार गरेको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्र बिज्ञापनको लागि राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड र विद्युतीय तरङ्गको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामग्रीको सम्वन्धमा अनुगमन गरि बिज्ञापन कर असूल गरी पालिकाको आन्तरिक आम्दानी वढाउनु पर्दछ । | |
| ४० | | | **मनोरञ्जन करः** नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ९ मा पालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसायमा अनुसूची ७ बमोजिमको व्यवसायी कर लगाईने र असूल गरिने उल्लेख छ तर पालिकाको आफ्नो क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर असूल गरेको देखिएन । पालिकाले ऐनमा भएको व्यवस्था बमोजिम मनोरन्जन कर एकिन गरि असूल गर्नुपर्दछ । | |
| ४१ | | | **व्यवसायिक करः**नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ५ मा पालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाई असूल गरिने उल्लेख छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार व्यवसायिक रुपमा कारोवार गर्ने संख्या २०८४ रहेकोमा यस आर्थिक वर्षमा जम्मा ८१५ करदाताले नविकरण गरी व्यवसायिक कर वापत रु.२९,१७,१७२५।– राजस्व तिरेको देखिन्छ । पालिकाले आफ्नो क्षेत्र भित्र रहेका २०८४ करदाता मध्ये ८१५ करदाताले व्यवसायिक कर तिरेको देखिएकोमा बाँकी करदाताले तिर्नुपर्ने कर रकमको अद्याबधिक अभिलेख राखेको देखिएन । पालिकाले संचालन गरेको स्थानीय तहको राजस्व आम्दानी सम्वन्धी प्रणालीमा आफ्नो क्षेत्र भित्रका दर्ता भएको कुल व्यवसायिक करदाता मध्ये कर तिरेको व्यवसायी र कर तिर्न बाँकी रहेको व्यवसायीको संख्या र उक्त व्यवसायीले तिर्न बाँकी रहेको कर रकम देखिने गरी अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४२ | | | **भवनको नक्सा अभिलेखिकरण कार्यः** पालिकाको आर्थिक ऐन, २०७८ को अनुसूची १० मा पुराना भवन एवं संरचनाको लागि अभिलेखिकरण र नयाँ भवन एवं संरचना निर्माणको लागि भवन निर्माण (नक्सा पास) दस्तुर उल्लेख गरेको छ । पालिकाले आर्थिक वर्ष २०७१।७२ देखिनै नगरपालिका क्षेत्र भित्र निर्माण हुने भवनको नक्सा पास गर्नुपर्ने व्यवस्था भएको र आर्थिक वर्ष २०७८।७९ मा भवनको नक्सा पास तथा पुरानो भवनको अभिलेखिकरणको लागि सूचना प्रकाशित भएको देखिन्छ । पालिकावाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ सम्म अभिलेखिकरण तथा नक्सापासको लागि २६५८ निवेदन दर्ता भएकोमा यस वर्ष सम्म १५१८ निवेदनको काम सम्पन्न भई नक्सा पास तथा भवनको अभिलेखिकरण कार्य सम्पन्न भई ११४० निवेदनको काम सम्पन्न गर्न बाँकी देखिन्छ । पालिकाले आफ्नो क्षेत्र भित्रका निर्माण भएका भवनको तथ्याङ्क संकलन गरी नक्सा पास नभई निर्माण भएका भवनको सम्वन्धमा एकिन गरी भवनको अभिलेखिकरण गर्ने र नयाँ निर्माण | |

<table>
<tr><td></td><td></td><td></td><td>हुने भवनको हकमा अनिवार्य नक्सा पासको व्यवस्था लागु गरी नक्सा पास सम्वन्धि कार्यको लागि खरिद गरिएको सफ्टवेयरको प्रयोग गरी भवन निर्माण तथा भवन अभिलेखिकरण कार्यलाई प्रभाबकारी वनाउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सहकारी नियमनःसहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सूपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र १०६ वटा सहकारी संस्था रहेकोमा ५२ सहकारी संस्थाहरुले मात्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइयो । ऐन, नियमावली र निर्देशिका अनुसार एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>रोयल्टी बाँडफाः मधेश प्रदेशको आर्थिक ऐन, २०७८ को दफा ७ मा गाउँ पालिका तथा नगरपालिकाले असूल गरेको दहत्तर बहत्तर शुल्क रकमको ४० प्रतिशत रकम सम्वन्धित पालिकाले प्रदेश संचितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष प्राप्त भएको निकासी कर र बिज्ञापन शुल्कको रकम बाँडफाँड गरेकोमा रु. १,८८,२९,९०३।-प्रदेश संचितकोषमा दाखिला गर्नुपर्नेमा उक्त रकम प्रदेश संचितकोष दाखिला नभई बिभाज्यको कोषमा मौज्दात रहेको देखियो । ऐनमा भएको व्यवस्था अनुसार बाँडफाँड भएको रकम प्रदेश संचितिकोषमा दाखिला गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>राजस्व छुटः नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा १५ मा यस आर्थिक ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट नदिईने उल्लेख भएकोमा यस वर्ष कार्यापलिकाको निर्णय अनुसार निम्नानुसार फर्मलाई आय ठेक्कामा राजस्व छुट दिएको देखिन्छ । यसरी आर्थिक ऐनमा भएको व्यवस्था विपरित आय ठेक्कामा भएको छुट रकम सम्वन्धित पदाधिकारीलाई जिम्मेवारी वनाई निर्णय बमोजिम छुट दिएको रकम असूल गर्नुको साथै छुट दिने निर्णय भई हाल सम्म असूल नभएको रकम यथाशिघ्र व्याज सहित असूल गर्नुपर्ने रु
<table>
<tr><td>फर्मको नाम</td><td>छुटको विवरण</td><td>रकम</td></tr>
<tr><td>FAB Nepal P. ltd</td><td>आर्थिक वर्ष २०७७।७८ को बिज्ञापन शुल्क</td><td>३४०३३५</td></tr>
<tr><td>पंचधुरामाई सप्लायर्स</td><td>आर्थिक वर्ष २०७७।७८ को निकासिको आय ठेक्का</td><td>६६५१९९६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६९९२३३१</td></tr>
</table></td><td>६,९९२,३३१</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>धरौटी जफतःपालिकाले नगरपालिकाको मोडेल एग्रो भिलेजको ढुँङ्गा, गिटी, वालुवा र ग्राभेल उत्खनन, संकलन तथा बिक्रिको आय ठेक्का (ठेक्का नं 16/NCB/Bardibas/2078-79) को लागि रु. १,००,८८,५४२।- आय अनुमान गरी मिति २०७८।८।१३ मा प्रस्ताव आह्वान गरेकोमा ६ वटा प्रस्ताव पेश भएकोमा ३ वटा प्रस्ताव मात्र रित पुगेको र सो मध्ये सवै भन्दा बढी रु. १,३१,००,०००।- कवोल गर्ने माँ मनकामना गिट्टी वालुवा वासिङ उद्योग (स्था.ले.नं. ६१०६४४३३१) लाई सम्झौताको लागि मिति २०७८।१०।१७ मा पत्राचार गरेको देखिन्छ । पालिकाले सम्झौताको लागि पठाएको पत्रमा कवोल रकमको ५० प्रतिशत रु. ६५,५००,०००।- नगद दाखिला गरेको भौचर र बाँकी ५० प्रतिशतले हुने रु. ६५,५०,०००।- को बैंक ग्यारेन्टी लिएर सम्झौता गर्न आउन उल्लेख गरेको छ । आय ठेक्काको प्रस्तावकर्ता फर्मले सिदार्थ बैंकको रु. ६५,५०,०००।-को बैंक ग्यारेन्टी र रु. ३५,००,०००।- नगद दाखिला गरेको प्रमाण पेश गरी मिति २०७८।११।२ मा सम्झौताको लागि निवेदन दिएको देखिन्छ तर फर्मले सम्झौताको लागि तोकिएको रकम मध्ये रु. ३०,५०,०००।- घटी नगद दाखिला गरेकोले सम्झौता गरेको देखिएन ।</td><td>७५०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | त्यसपछी फर्मले २०७९।२।३० मा बैक ग्यारेन्टी र नगद ३५ लाख दाखिला गरेको प्रमाण पेश गरी बाँकी रकम सम्झौता पछी दाखिला गर्ने प्रतिवद्दता सहितको निवेदन पेश गरेको र उक्त निवेदनमा हाल सम्म कुनै कार्य नभएकोले ठेक्का सम्झौता गर्ने नगर्ने वा रद्द गर्ने टुङ्गो लगाई दिन अनुरोध गरेको देखिन्छ । फर्मले दिएको निवेदन बमोजिम प्रमुख प्रशासकिय अधिकृतवाट मिति २०७९।२।३० मा ठेक्का सम्झौता नभएको भए बैक ग्यारेन्टी र नगद फिर्ता दिन सिफारिस गरेको देखिएको र उक्त सिफारिस बमोजिम राजस्व र लेखा शाखावाट बैंक ग्यारेन्टी र नगद दाखिला रकम फिर्ता दिएको देखिन्छ । पालिकाले सम्झौता गर्ने म्याद भित्र सम्झौता गर्न नआउने फर्मको धरौटी जफत गरी उक्त फर्मलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्र पठाई रु. १,१२,००,०००।-दोस्रो बढी कवोल गर्ने र रु. १,०८,००,०००।-तेस्रो बढी कवोल गर्ने फर्मसंग सार्वजनिक खरिद ऐन र नियममा भएको व्यवस्था बमोजिम आय ठेक्का सम्झौताको लागि प्रक्रिया अगाढी बढाउनुपर्नेमा यस सम्वन्धमा पालिकाका जिम्मेवार सम्वन्धित पदाधिकारी तथा कर्मचारीले कुनै पनि कार्य गरेको देखिएन । जसवाट आय ठेक्कावाट प्राप्त हुनुपर्ने रु. १,३१,००,०००।-प्राप्त हुन सकेन । यस सम्वन्धमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई निज फर्मले राखेको धरौटी रु. ७,५०,०००।-जफत गरी संचितकोष दाखिला गर्नुपर्ने र निज फर्मलाई कालोसूचीमा राख्न सम्वन्धित निकायमा लेखि पठाउनुपर्ने रु. | |
| ४७ | | | **निकासी आयको ठेक्काः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क र ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन, विकि तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७७ बमोजिम पालिकाले यस वर्ष नगरपालिकाको नदी खोला र क्रसर उद्योगवाट उत्पादन हुने ढुङ्गा, गिट्टी तथा प्रशोधित वालुवा र ग्राभेल पालिका वाहिर हुने निकासिमा कर शुल्क असूलीको ठेक्का लगाएकोमा यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन । | |
| ४७.१ | | | **घटी दर कायम गरी ठेक्काको वोलपत्र आह्वान**: पालिकाको आर्थिक ऐन,२०७८ को अनुसूची १० मा क्रसर तथा वालुवा प्रशोधन उद्योगवाट उत्पादित सवै खाले ढुङ्गा, गिट्टी तथा वालुवा पालिका बाहिर निकासीको रोयल्टी प्रति क्युवि फिट रु. ३ तोकिएको छ । पालिकाले यस वर्ष ढुङ्गा, गिट्टी तथा वालुवा पालिका बाहिर निकासीको लागि ठेक्का नं 02/NCB/Bardibas/2078-79 को बार्षिक ५२५६०० घन मिटर (१८५४८४२४ क्युवि फिट) को प्रति क्युवि फिट रु. ३ को दरले जम्मा रु. ५,५६,४५,२७२।- आय अनुमान गरी e-Bidding मार्फत मिति २०७८।२।९ मा पहिलो पटक र २०७८।५।२८ मा दोस्रो पटक ठेक्का आह्वान गरेकोमा कुनै पनि वोलपत्रदाताले वोलपत्र पेश गरेको देखिएन । पालिकाले दुई पटक e-Bidding मार्फत वोलपत्रको आह्वान गर्दा वोलपत्र पेश नभएको भनि राजस्व परामर्श समितिको मिति २०७८।८।६ र नगर कार्यपालिकाको मिति २०७८।८।७ को निर्णय अनुसार प्रति दिन रु. ७५,०००।- निकासी दर कायम गरी मिति २०७८।८।९ मा खुला वोलपत्र आह्ववान गरेको र उक्त सूचना बमोजिम ४ जनाले वोलपत्र पेश गरेकोमा सवै भन्दा बढी प्रति दिन रु. ७६,५००।-कवोल गर्ने वोलपत्रदाता पौडेल निर्माण सेवा (स्था.ले.नं.६०१८९३६०९) संग २०७८।९।२० देखि लागु हुने गरी मिति २०७८।९।१९ मा आय ठेक्काको सम्झौता भएको छ ।पालिकाले तयार गरेको सूरुको आय अनुमान अनुसार दैनिक १४४० घनमिटर (५०८१७ क्युवि फिट) निकासीको परिमाण अनुसार प्रति क्युवि फिट रु. ३ को दरले दैनिक रु. १,५२,४५३।-निकासि दर कायम हुनुपर्नेमा राजस्व परामर्श समिति र कार्यापालिकाको निर्णय बमोजिम उक्त दरलाई घटाई रु. ७५,०००।- कायम गरी ठेक्का आह्वान गरेकोमा सोही बमोजिम १९४ दिनको लागि ठेक्का सम्झौता भएको छ । ठेक्का आयको पालिकाको आर्थिक ऐन, २०७८ को अनुसूची बमोजिमको प्रति क्युवि फिट रु. ३ को दरले दैनिक निकासी दर रु. १,५२,४५३।- कायम नगरी रु. ७५,०००।- कायम गरी ठेक्का गरेको र वोलपत्रदाताले रु. ७६,५००।- कवोल गरेकोले आर्थिक ऐन बमोजिम हुने दैनिक निकासी दर भन्दा रु. ७५,९५३।- घटी दरमा सम्झौता हुदा सम्झौता अबधि १९४ दिनको जम्मा रु. १,४७,३४,८८२।- आय न्युन प्राप्त भएको देखिन्छ । यसरी नगरसभावाट पारित भएको आर्थिक ऐन, २०७८ मा उल्लेखित दर भन्दा घटी दर कायम गरी ठेक्का आह्वान गरी सम्झौता गर्दा पालिकालाई घटी आय प्राप्त भएकोले यस सम्वन्धमा सम्वन्धित पदाधिकारीहरु जिम्मेवार वनाउनुपर्दछ । | |
| ४७.२ | | | **ठेक्का रकम असूल गर्न बाँकी** : पालिकाले पालिका बाहिर दैनिक १४४० घन मिटर नदिजन्य पर्दाथको निकासी कर संकलनको लागि ठेक्का बन्दोवस्त गरेकोमा पौडैल निर्माण सेवाले दैनिक रु. ७६,५००।- मा ठेक्का सकार गरी मिति २०७८।९।१९ मा २०७८।९।२० देखि | २,३३५,००० |

२०७९।३।३० सम्मको लागि सम्झौता भएको छ । सम्झौता बमोजिम कुल १९४ दिनको प्रति दिन रु. ७६,५००।-को दरले जम्मा रु. १,४८,४१,०००।-रकम दाखिला गर्नुपर्नेमा निम्नानुसार रकम मात्र दाखिला गरेको देखिएकोले बाँकी रकम रु. २३,३५,०००।- व्याज समेत गणना गरी असूल गर्नुपर्ने रु.

| दाखिला मिति | दाखाल रकम | कैफियत |
|---|---|---|
| २०७८।९।७ | ५३६००० | |
| २०७८।१०।९ | १०७५००० | |
| २०७८।१०।२० | ४१०००० | |
| २०७८।१२।२८ | २३००००० | |
| २०७९।४।२० | ८००००० | |
| २०७९।५।११ | ५००००० | |
| २०७९।४।१ | ६८८५००० | बैक जमानत जफत गरेको रकम |
| **जम्मा असूल भएको रकम** | **१२५०६०००** | |
| **जम्मा असूल हुनुपर्ने रकम** | **१४८४१०००** | |
| **असूल गर्न बाँकी रकम** | **२३३५०००** | |

४७.३ **मूल्य अभिबृद्धी कर असूल नभएको :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा स्थानीय तहले मूल्य अभिबृद्धि कर लाग्ने बस्तु वा सेवा विक्रि गर्दा १३ प्रतिशत कर असूल गर्नुपर्ने व्यवस्था छ । पालिकाले पालिका बाहिर नदिजन्य पदार्थ निकासिको ठेक्का लगाएकोमा उक्त ठेक्का सम्झौताको बुदा नं.३ मा आय ठेक्काको १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रकम सम्वन्धित राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने उल्लेख भएकोमा ठेक्काको आय रकम रु. १,४८,४१,०००।- को १३ प्रतिशतले हुने मूल्य अभिबद्धि कर रु. १९,२९,३३०।- राजस्व दाखिला गरेको प्रमाण पेश नभएकोले उक्त रकम असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु. १,९२९,३३०

४७.४ **ब्याज असूली** : आय ठेक्काको सम्झौताको बुदा नं. ११ मा ठेकेदारले पालिकालाई बुझाउनुपर्ने किस्ता रकम नबुझाएमा १० प्रतिशतले व्यज असूल गर्नुपर्ने उल्लेख छ । पालिका र निर्माण व्यवसायी पौडेल निर्माण सेवा वीच मिति २०७८।९।१९ मा भएको सम्झौतामा एक महिनाको रकम रु. २२,९५,०००।- मिति २०७८।९।६ मा बिभाज्य कोषमा दाखिला गरेको उल्लेख गरेता पनि उक्त रकम दाखिला नगरेको अवस्थामानै सम्झौता गरेको देखिन्छ । यसरी पहिलो किस्ताको रकम २०७८।९।६ मा दाखिला नगरी ढिला दाखिला गरेको देखियो । निर्माण व्सयायीले आयको पहिलो किस्ता रकम निम्नानुसार समयमा बुझाउनुपर्नेमा तोकिएको समय भन्दा ढिला बुझाएकोमा समेत पालिकाले सम्झौता बमोजिमको व्याज रकम असूल गरेको देखिएन। पालिकाले सम्झौता बमोजिम ढिला बुझाएको रकमको व्याज असूल गर्नुपर्ने रु. २३,०६९

| किस्ताको विवरण | किस्ताको रकम | बुझाउनुपर्ने मिति | बुझाएको मिति | रकम | ढिला दिन | व्याज रकम |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पहिलो किस्ता | २२९५००० | २०७८।९।६ | २०७८।९।६ | ५३६००० | | ० |
| | | | २०७८।१०।९ | १०७५००० | ३३ | ९७१९ |
| | | | २०७८।१०।२० | ४१०००० | ४४ | ४९४२ |
| | | | २०७८।१२।२८ | २७४००० | ११२ | ८४०८ |
| **जम्मा** | | | | **२२९५०००** | | **२३०६9** |

पालिकाले ठेक्का सम्झौताकर्तालेे पहिलो किस्ता बाहेक अन्य किस्ताको रकम समेत तोकिएको समय भन्दा ढिला दाखिला गरेको देखिएकोले उक्त ढिला दाखिला गरेको रकमको समेत व्याज गणना गरी असूल गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ४८ | | | **क्रसर उद्योग स्थापना र संचालनः** ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, संकलन, क्रसिङ्ग र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ को बुदा नं. ४ मा क्रसर प्रशोधन उद्योग संचालन गर्न चाहने व्यक्ति वा संस्थाले स्थानीय तहमा सहमतिको लागि दरखास्त दिनुपर्ने र सहमतिको लागि दरखास्त दिँदा तोकिएको मापदण्ड र शर्तहरु पुरा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही कार्यविधिको बुदा नं १२(३) बमोजिम दर्ता भएको क्रसर उद्योगले सोही कार्यबिधिको बुदा नं १८(१) बमोजिम कच्चा वा प्रशोधित ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान्, दहत्तर बहत्तरको उत्खनन, संकलन र विक्रि वितरण तथा घाट गद्दीमा भएको मौज्दात सहितको परिमाणात्मक विवरण मासिक रुपमा सम्वन्धित स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत २५ वटा क्रसर उद्योग संचालनमा रहेकोमा उक्त उद्योगहरुले कार्यविधिमा तोकिए बमोजिमका मापदण्ड पुरा गरे नगरेको सम्वन्धमा अनुगमन भएको देखिएन भने कच्चा वा प्रशोधित वालुवा, गिट्टी, माटो, चट्टान र दहत्तर बहत्तर संकलन, उत्खनन, विक्रि वितरण र मौज्दात सहितको परिमाण खुल्ने विवरण मासिक रुपमा स्थानीय तहमा पेश समेत गरेको देखिएन । पालिकाले आफ्नो क्षेत्र भित्र संचालनमा रहेका क्रसर उद्योगको प्रभाबकारी रुपमा अनुगमन गरी उक्त उद्योगलाई मासिक रुपमा विवरण पेश गर्न लगाई सार्वजनिक सम्पतिमाथि भई रहेको दोहनलाई नियन्त्रण गर्नुपर्दछ । | |
| ४९ | | | **नदिजन्य पर्दाथ संकलनको आय ठेक्काः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा गाउँपालिका तथ नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणिय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परिक्षणवाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य बस्तुको विक्रि गर्न सक्ने व्यवस्था छ । त्यस्तै पालिकाको आर्थिक ऐन, २०७८ को अनुसूची १० मा ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य बस्तुको रोयल्टी प्रति क्युवि फिट रु. ४ उल्लेख गरेको छ । पालिकाले आफ्नो क्षेत्र भित्र पर्ने रातु नदिको ४ वटा खण्डहरुमा IEE प्रतिवेदन बमोजिम प्रत्येक वर्ष ४ लाख ८६ घन मिटर नदिजन्य पदार्थ उत्खनन तथा संकलन गर्न सकिने उल्लेख भएको र सोही बमोजिम आर्थिक वर्ष २०७७।७८ मा ४ वटा आय ठेक्काको जम्मा रु. ७,०६,५१,१०९।- मा ठेक्का सम्झौता भई राजस्व असूल भएको छ भने यस आर्थिक वर्षमा पालिकाले आफ्नो क्षेत्र भित्र रहेको नदिका बिभिन्न खण्डहरुमा नदिजन्य पदार्थ उत्खनन तथा संकलनको लागि आय ठेक्काको सूचना प्रकाशित गरी ठेक्का लगाउनु पर्नेमा यस सम्वन्धमा कुनै पनि प्रकियानै अगाडी वढाएको देखिएन । नदिको IEE प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणको नदिजन्य पदार्थ संकलनको आय ठेक्का नलगाएको कारण यस वर्ष गत वर्षको आय ठेक्कालाई आधार लिदा न्युनतम रु. ७,०६,५१,१०९।- आय प्राप्त हुन सकेको देखिएन । पालिकाले आफ्नो क्षेत्रभित्र आय ठेक्का नलगाएको अवस्थामा अमानतवाट आय प्राप्त गरेको नदेखिएको र नदि क्षेत्रका बिभिन्न खण्डमा नदिजन्य पदार्थ संकलन भए/नभएको सम्वन्धमा अनुगमन समेत भएको देखिएन । यसरी पालिकाले नदिजन्य पदार्थ संकलनको आय ठेक्का नलगाएको कारण एकातर्फ पालिकाको आन्तरिक आयमा घटेको दखिन्छ भने अर्कोतर्फ नदिजन्य पदार्थको अवैध संकलन तथा उत्खनन कार्य | |

| | | | | |
|---|---|---|---|---|
| | | | हुने हुँदा यस सम्वन्धमा सम्वन्धित पदाधिकारी जिम्मेवार हुनुपर्दछ । | |
| ५० | | | **सामाजिक सुरक्षा एवं संरक्षणतर्फ** | |
| ५०.१ | | | **सामाजिक सुरक्षा एवं संरक्षण :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी एवं एम आई एस प्रणाली अद्यावधिक, लाभग्राहीको विवरण प्रविष्टि गर्ने, परिच्छेद ६ अनुसारको अनुगमन तथा निरीक्षण, परिच्छेद ७ अनुसार पारदर्शिता र जवाफदेहिता तथा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउदाँ र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक त्रैमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ । | |
| ५०.२ | | | **भत्ता वितरण :** यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नम्बर २२ मा बैङ्कको छनौट गरी सम्झौता गर्दा सम्झौताको शर्तमा बैङ्कले निष्कृय (Dormant) खाताको विवरण प्रत्येक साउन र माघ महिना भित्र पालिकालाई दिनुपर्ने, पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैङ्कले लाभग्राहीको खातामा रकम जम्मा गरी सकेपछि भत्ता वितरणको विवरण अनुसूची ८ अनुसार बैङ्कबाट प्राप्त गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख छ। तर, बैङ्कले उल्लेखित निष्कृय खाता र भत्ता वितरणको विवरण पालिकालाई उपलब्ध गराएको छैन। तसर्थः सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई तोकिएको दरले वितरण भए/नभएको यकिन गर्न सकिएन।कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बैङ्क खातामा भुक्तानी निकासा पश्चात मृत्यु भएका लाभग्राहीहरु बाँचेको अवधिको रकम भुक्तानी गरी रोक्का रहेको रकम यकिन गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने देखिन्छ।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नम्बर २६ को उपदफा ३मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस बारे पालिकाले कुनै कारवाही गरेको देखिएन । | |
| ५१ | | | **बढि निकासाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाको विभिन्न वडाको नमूना परीक्षण गर्दा मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी निम्नानुसार बढी खर्च लेखेको रकम रु. ५,२८,७०८/- असूल हुनुपर्ने रु. | ५२८,७०८ |

| लाभग्राहीको नाम | समूह | विवरण | त्रैमासिक | भुक्तानी रकम |
|---|---|---|---|---|
| **वडा नं. १** | | | | |
| निर्मला कुमारी कार्की २००६०१११००८०२ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।४।१२ | पहिलो, दोस्रो, तेस्रो र | ४८००० |

| | | | | |
|---|---|---|---|---|
| | | | चौथो | |
| मिन प्रसाद पोख्रेल २००११२३२६७४२५ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।४।२२ | पहिलो | १२००० |
| मंगली लामा २००४१२३२३१२७६ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।११।२९ | तेस्रो र चौथो | २४००० |
| इन्द्र बहादुर जोगी २००८०११९०१६९२ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।१२।३० | चौथो | १२००० |
| सुन्दरी प्रसाद पोखरेल १९९९१२१४००२४ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।१२।३० | चौथो | १२००० |
| श्रीमती सन्तमाया १९९११२३२२६८२३ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७९।३।२८ | चौथो | १२००० |
| पम्फा माया १९९५१२३१८६३८९ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७९।३।२६ | चौथो | १२००० |
| निओन गुर्मछान २०७८०१२७०५२९३ र २०७६०४२६१११९२ | क्षेत्रगत वालवालिका | दोहोरो पर्न गएको | दोस्रो तेस्रो र चौथो | ४७८८ |
| **वडा नं २** | | | | |
| दान माया २००९१२३११०६९३ | विधवा | मृत्यू मिति २०७९।२।२८ | तेस्रो | ७९८० |
| **वडा नं ३** | | | | |
| बुद्धमाया समाल २००२११०१२५३८७ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।६।२१ | पहिलो | १२००० |
| दीप बहादुर थापा १९७३०१०१००२८४ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।६।१० | पहिलो | १२००० |
| शारदा प्रसाद ढुंगाना २००२०३२२०१०७५ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।८।१२ | दोस्रो | १२००० |
| शिवमाया श्रेष्ठ १९९९१११५०२५५७ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।९।१८ | दोस्रो | १२००० |
| डोकुल कुमारी २०००१२३२५३५१८ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।१२।२० | तेस्रो | १२००० |
| सुन माया कुश्वार २००३१२३२७२४०५ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।१२।५ | तेस्रो | १२००० |
| **वडा नं ४** | | | | |
| कर्ण बहादुर लायो १९९३१२३१३६७१५ | ज्येष्ठ नागरिक | मृत्य मिति २०७८।५।३१ | पहिलो | १२००० |
| वेद कुमारी गिरी १९९२०१०११०४६५ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।६।३१ | दोस्रो | १२००० |
| भरत महत २००७०६१००५०२४ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।८।१० | दोस्रो | १२००० |

| | | | | |
|---|---|---|---|---|
| फुल माया तामाङ्ग १९९२१२३०३२२१८ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।९।११९ | दोस्रो | १२००० |
| **वडा नं ५** | | | | |
| नन्द कुमारी कार्की २००६०५०३०२०९५ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।५।२७ | पहिलो | १२००० |
| **वडा नं ६** | | | | |
| गणेश बहादुर कार्की १९९२०१०११०६४८ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।१२।२१ | तेस्रो | १२००० |
| **वडा नं ८** | | | | |
| भक्त माया २००२०२२२००३६८ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।५।३ | पहिलो | १२००० |
| कृष्णमाया श्रेष्ठ २००२१२२००११९५ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।६।१० | पहिलो | १२००० |
| रन्ठ कुमारी २००३१०११०१३९४ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।४।३२ | पहिलो | १२००० |
| खड्ग बहादुर जर्घा १९९८१२३०५७७५८ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।५।३१ | पहिलो | १२००० |
| लक्ष्मी प्रसाद गौतम २००३०९१६००६११ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७९।२।१ | चौथो | १२००० |
| निल बहादुर आले १९९८१२३०५७८८१ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७९।१।२० | चौथो | १२००० |
| **वडा नं. ९** | | | | |
| प्रेम बहादुर धङ्चुङ्गी २००१०१११००७१२ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।१२।१४ | तेस्रो | १२००० |
| कुसुम देवी २००३०४०२००९६८ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७९।२।१४ | चौथो | १२००० |
| **वडा नं १०** | | | | |
| सन्त माया श्रेष्ठ १९८७०५१५००३३५ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।५।२० | पहिलो | १२००० |
| कुल बहादुर पाख्रिन २००१०८१०००९५८ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७९।१।७ | चौथो | १२००० |
| **वडा नं ११** | | | | |
| कुमार सिंह पाख्रिन १९९७१२३१९७२८३ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।६।२२ | पहिलो | १२००० |
| मानविर मगर १९९००२०५०३४८९ | ज्येष्ठ नागरिक | मृत्यू मिति २०७८।९।५ | दोस्रो | १२००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>चन्द्र माया १९९२१२३०३२१६८</td><td>ज्येष्ठ नागरिक</td><td>मूत्यू मिति २०७८।९।१०</td><td>दोस्रो</td><td>१२०००</td></tr>
<tr><td>धर्ति माया २००६१२३१३६०३३</td><td>ज्येष्ठ नागरिक</td><td>मूत्यू मिति २०७८।१२।१८</td><td>तेस्रो</td><td>१२०००</td></tr>
<tr><td>तिल कुमारी पाण्डे २००३०४१००६४६३</td><td>ज्येष्ठ नागरिक</td><td>मूत्यू मिति २०७८।१२।१५</td><td>तेस्रो</td><td>१२०००</td></tr>
<tr><td>आदी माला गोले २००३०२०३०४०६१</td><td>ज्येष्ठ नागरिक</td><td>मूत्यू मिति २०७९।२।१</td><td>चौथो</td><td>१२०००</td></tr>
<tr><td colspan="5">वडा नं १२</td></tr>
<tr><td>इन्द्रकुमारी मगर २०००१२३०७५६६३ र २०१०१२३१२०७३२</td><td></td><td>दोहोरो लाभग्राही परिचयपत्र नं र खाता नंबर</td><td>पहिलो तेस्रो र चौथो</td><td>२३९४०</td></tr>
<tr><td colspan="5">वडा नं १३</td></tr>
<tr><td>हरिमाया जोशी १९९५१२३०५९१०७</td><td>ज्येष्ठ नागरिक</td><td>मूत्यू मिति २०७८।४।२५</td><td>पहिलो</td><td>१२०००</td></tr>
<tr><td colspan="5">वडा नं १४</td></tr>
<tr><td>मकर बहादुर बलम्पाकी २००७०३२५०२३९३</td><td>ज्येष्ठ नागरिक</td><td>मृत्यू मिति २०७९।३।७</td><td>चौथो</td><td>१२०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५२८७०८</td></tr>
</table>
लेखापरीक्षणका क्रममा वडागत विवरणको नमुना परीक्षण गर्दा मृत्यू भईसेकेकाले पाउने रकम मृत्यू भएको दिनसम्म गणना गरी लाभग्राहीको परिवारलाई निवेदन आएमा दिने तथा बैंङ्कमा रहेको निष्कृय खाताको सम्पूर्ण रकम संचित कोषमा दाखिला गर्नुपर्दछ । बाँकी वडाहरुको हकमा पालिकाले लाभग्राहीको मृत्यु एव अन्य कारणबाट सामाजिक सुरक्षा भत्ता बैङ्कबाट नझिकेको अवस्थामा निष्कृय खाताको विवरण माग गरी रकम यकिन गरेर संचित कोषमा दाखिला गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>बाँकी रकम फिर्ताःपालिकाबाट सामाजिक सुरक्षा एवं संरक्षण भत्ता वितरण गर्न विभिन्न वैंकलाई रु. २३,९६,५२,३६६/- निकाशा गरेकोमा वैंकले लाभग्राहिको खातामा रकम जम्मा गरी बाँकी भएको एवं खातामा दोहोरो गएको रकम रिभर्स गरी माच्छापुच्छ्रे बैंकले रु. ३,८३,३४८/- पालिका फिर्ता गरेका छैन ।अन्य बैंकहरुबाट समेत मृत्य भईसकेको लाभग्राही मृत्य भएको दिनसम्म निजको परिवारलाई दिने र दोहोरो भुक्तानी भएको लाभग्राहीहरुको खातामा मौज्दात रहेको रकम बैंकबाट फिर्ता गरी संचित कोष दाखिला गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>सेवा शुल्क भुक्तानीमा कर कट्टीःआयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क वापतको भुक्तानी रकममा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सरसफाई सेवा शुल्क वापतको रकम निम्नानुसार फर्म र संस्थालाई भुक्तानी दिएको रकममा १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशत मात्र कर कट्टी गरेको छ । ऐनमा भएको व्यवस्था अनुसार सरसफाई सेवा शुल्कको रकम भुक्तानी गर्दा घटी कट्टी गरेको कर रु. १,२९,६००।- असूल गर्नुपर्ने रु.
<table>
<tr><td>संस्था फर्मको नाम</td><td>भुक्तानी रकम</td><td>कट्टी गर्नुपर्ने कर</td></tr>
</table>
</td><td>१२९,६००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जनमुखी साना कृषि सहकारी संस्था</td><td>४५००००</td><td>६०७५०</td></tr>
<tr><td>हिटा हेभी मेशिनरी एण्ड रिसाईकल प्रालि</td><td>५१००००</td><td>६८८५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२९६००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>ईन्धन खर्चः स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सूबिधा सम्वन्धी ऐन, २०७७ को दफा ४(२) बमोजिम सवारी साधन उपलव्ध गराएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम प्रमुख तथा उप प्रमुखले मासिक १२५ लिटर ईन्धन र १० लिटर मोविल, वडा अध्यक्षलाई मासिक ३० लिटर ईन्धन र २ लिटर मोविल पाउने उल्लेख छ । त्यस्तै प्रदेश सरकाको प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसार अनुसूची ४ बमोजिम कार्यालय प्रमुखले मासिक ७० लिटर र राजपत्राङंकित तृतीय श्रेणी वा सो सरहका कर्मचारीले मासिक १० लिटर ईन्धन पाउने उल्लेख छ । पालिकाले यस वर्ष पदाधिकारी, कार्यालय प्रयोज र अन्य प्रयोजन समेतको लागि बार्षिक रु. ४५,६०,९६६।– ईन्धनमा खर्च गरेकोमा उक्त ईन्धन खर्चको लागि कुपन सिस्टम लागु गरेको भएता पनि ईन्धन खर्चको लगबुक पुर्ण रुपमा अभिलेख नराखी आशिंक रुपमामात्र राखेको देखिन्छ भने ऐन र नियममा भएको ईन्धन सूविधाको सिमाको समेत पालना गरेको देखिएन । पालिकाले ईन्धन खर्च सम्वन्धी मापदण्ड तयार गरी ईन्धन खर्चमा मितव्ययीता कायम गर्न उल्लेखित ऐन र खर्च मापदण्ड निर्देशिकाको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>अन्य घरभाडा खर्चः सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी वनाउने सम्वन्धि मापदण्ड, २०७८ मा सार्वजनिक निकायले खर्च गर्दा मित्व्ययी तरिकाले गर्नुपर्ने उल्लेख गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय, संघ संस्था र अन्य व्यक्तिको लागि घर भाडामा लिई सोको घर भाडा रकम भुक्तानी दिएको देखियो । यसरी अन्य कार्यालय तथा व्यक्तिले प्रयोग गरेको घरको भाडाको लागि पालिकाको विनियजित बजेटवाट खर्च भुक्तानी गर्दा पालिकाको यस्तो प्रकृतीको खर्चमा बृद्धि भई व्ययभार वढ्दै जाने देखिएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु.
<table>
<tr><td>घर धनि</td><td>घर भाडाको प्रयोजन</td><td>खर्च रकम</td></tr>
<tr><td>गोपला कामी</td><td>राष्ट्रिय अनुसन्धान आयुवेर्दिक तालिम केन्द्रको कार्यालयकक्ष लागि</td><td>२३२४००</td></tr>
<tr><td>केदार प्रसाद रिसाल</td><td>चिकित्सक आवास भवन</td><td>२७००००</td></tr>
<tr><td>गंगादेवी</td><td>MDGP डाक्टरको आवास</td><td>११६९००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६१३९००</td></tr>
</table>
</td><td>६१३,९००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>घर भाडा सम्झौताःसार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ मा सार्वजनिक निकायले घर जग्गा भाडामा लिनुपर्दा सूचना पाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकाको भवन र विभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागी घरभाडामा लिई यस वर्ष रु. ४४,४९,६१७।- भुक्तानी गरेकोमा नियमावलीमा भएको व्यवस्था बमोजिम घरभाडा निर्धारण समितिले घरभाडा रकम तय गरेको देखिएन भने गत बिगत वर्षमा भएको घरभाडा सम्झौतालाई घर धनिले दिएको निवेदनको आधारमा सम्झौता थप गर्ने गरेको देखियो । पालिकाले ऐन नियममा भएको व्यवस्थाको पुर्ण पालना गरेर मात्र खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५७ | | | **भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने कर्मचारीहरुको अनुसूची ६ बमोजिमको भ्रमण अभिलेख राख्नुपर्ने, भ्रमणमा खटिएको कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिनु पर्ने र भ्रमणको स्पष्ट उद्देश्य हुनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष कर्मचारी भ्रमण खर्चमा रु. ३२,८९,५२१।÷ खर्च लेखेको छ । भ्रमण खर्चका सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।<br><br>• पालिकाका भ्रमणमा खटिएका अधिकांश कर्मचारीहरुको भ्रमणको उद्देश्यमा पालिकाको कामकाज उल्लेख गरेकोले उक्त भ्रमण पालिकाको कामका लागि भएको हो भनी सूनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• पालिका भित्र भ्रमणमा गएको अवस्थामा समेत भ्रमण खर्च भुक्तानी गरेको ।<br>• भ्रमणमा खटिने कर्मचारिको भ्रमण अभिलेख नराखेको ।<br>• भ्रमणमा खटिने कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिई उक्त प्रतिवेदनमा उल्लेखित व्यहोराहरुको कार्यान्वयन नगरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर हुने भ्रमण खर्चलाई नियन्त्रण गर्न तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा मितव्ययीता कायम गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५८ | | | **स्यानिटरी प्याडः**स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याडको गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ४७६० जना रहेकामा वोलपत्रको माध्यमबाट ५०००० थान स्यानिटरी प्याड रु. ३७,८५,५००/ (मूल्य अभिवृद्धि कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानि समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयलाई हस्तान्तरण गरेकोमा विद्यालयहरुले सम्बन्धित छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र स्यानिटरी प्याड खरिद गर्नुपर्दछ । | |
| ५९ | | | **शिक्षातर्फ** | |
| ५९.१ | | | **विद्यालयगत निकासा रजिष्ट्रर** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरि यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ । | |
| ५९.२ | | | **शिक्षक अभिलेख :** पालिका कार्यालयले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन। त्यसैगरी कार्यालयले प्रमाणित र परीक्षण नभएको सफ्टवेयर सिष्टम प्रयोग गरि माग फारम वेगरको तलव रुजु नगरी निकासा दिएको देखिदा निकासा भएको तलव पूर्ण रुपमा भरपर्दो छ भन्न सकिएन। तसर्थ शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको विश्वस्त हुने गरी अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ५९.३ | | | **अवकाश पछिको तलव निकासा :** अवकाश प्राप्त शिक्षकहरुको तलव निकासा गर्दा कार्यरत दिनसम्मको लागि मात्र निकासा गर्नुपर्नेमा पालिकाले देहायका शिक्षकहरुलाई अनिवार्य अवकाश मिति भन्दा पछिको समेत तलव निकासा गरेकोले बढि तलव निकासा रु. २,५१,७६५/- | २५१,७६५ |

सम्वन्धित विद्यालयबाट फिर्ता गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | शिक्षकको नाम | अवकाश भएको मिति | वढि निकसा | कैफियत |
|---|---|---|---|---|
| जुडिमाइ जनता आधारभूत विद्यालय वर्दिवास | शम्भुनारायण झा | २०७८।५।१० | २४४३५१ | भाद्र ११ देखि पौष मसान्तसम्म (दशै समेत |
| राष्ट्रिय मा.वि पशुपतिनगर वनझुला वर्दिवास | रामकृष्ण सिंह | २०७८।१२।२५ | ७४१४ | चैत्र महिना पुरै दिनको निकासा |
| **जम्मा** | | | **२५१७६५** | |

| क्र.सं. | | | विवरण | रकम |
|---|---|---|---|---|
| ५९.४ | | | **ग्रेड भुक्तानी :** स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइ मार्फत राष्ट्रिय शिक्षक किताबखानाबाट पारीत गराई प्राप्त तलवी प्रतिवेदनको आधारमा अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ। पालिकाले देहायका विद्यालयका शिक्षकहरुलाई मिति २०७८ को राष्ट्रिय शिक्षक किताबखानाबाट पारीत तलवी प्रतिवेदन भन्दा बढि दरले भुक्तानी दिएको रु. १,१०,७७०/- सम्वन्धमा संसोधित प्रमाण भए पेश गर्ने अन्यथा असूल हुनुपर्ने रु. | ११०,७७० |

| विद्यालयको नाम | शिक्षकको नाम | किताव खानाबाट पारीत ग्रेड संख्या | ग्रेड दर | भुक्तानी भएको ग्रेड | कं स कोष समेत वढि भुक्तानी |
|---|---|---|---|---|---|
| राष्ट्रिय आ.वि. वर्दिवास | निर्मला सिंह | ५ | १००७ | ७ | २२१५४ |
| नेपाल राष्ट्रिय माध्यामिक विद्यालय चल्की | विनोद साह | ५ | १००७ | ६ | ११०७७ |
| राष्ट्रिय आधारभूत विद्यालय किसाननगर | मिथलेस कुमारी दास | ६ | १००७ | ७ | ११०७७ |
| राष्ट्रिय आधारभूत विद्यालय किसाननगर | महेन्द्र कुमार राना | ६ | १००७ | ७ | ११०७७ |
| पञ्चधुरा मा. विद्यालय चेरु | गोपाल प्रसाद अधिकारी | ५ | १००७ | ७ | २२१५४ |
| देउराली मा. विद्यालय वर्दिवास | विरेन्द्र प्रसाद साह | ५ | १००७ | ७ | २२१५४ |
| जनजागृती मा.वि.पाटु वर्दिवास | किरणराज वराल | ७ | १००७ | ८ | ११०७७ |
| **जम्मा** | | | | | **११०७७०** |

| क्र.सं. | | | विवरण | रकम |
|---|---|---|---|---|
| ५९.५ | | | **दिवा खाजा कार्यक्रम :** पालिकाले यस वर्ष सामूदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका विद्यार्थिहरुलाई कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.११.१ अनुसार प्रति विद्यार्थी दैनिक रु.१५ का दरले भौचर नं १२ बाट रु. ७३,५८,४००/, भौचर नं ४६ बाट रु. ७४,१३,३००/- र भौचर नं १९२ बाट रु. ५६,९०,१०३/ समेत ५१ वटा विद्यालयलाई रु. २,०४,६१,८०३/ निकासा दिएकोमा देहायका विद्यालयहरुलाई वढि निकासा भएको दिवा खाजा रकम असूल हुनुपर्ने रु. | ४५२,७०८ |

| विद्यालयको नाम | निकासा दिनुपर्ने | दिएको | वढि निकासा |
|---|---|---|---|
| ने.रा.आ.वि.चल्की विजलपुरा | ४७०८८० | ८८२००० | ४१११२० |
| जुरीमाइ आ.वि.विजलपुरा | २०७४२२ | २३४००० | २६५७८ |
| दुधेश्वरी आ.वि. राजावास | २०५९९५ | २१६००० | १०००५ |
| रा.आ.वि.वरडाडा ४ | १७१३४५ | १७६४०० | ५०५५ |
| **जम्मा** | | | **४५२७५८** |

५९.६ **विद्यालय सञ्चालन तथा व्यवस्थान अनुदान :** कार्यक्रम कार्यान्वियन पुस्तिका बमोजिम विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान १ देखि ५ सम्म रु. १५,०००/-, १ देखि ८ सम्मलाई रु. २०,०००/-, १ देखि १० सम्मलाई रु. २५,०००/- तथा १ देखि १२ सम्मलाई रु. ३०,०००/- का दरले प्रति विद्यालय वार्षिक अनुदान दिने र सामाजिक परीक्षण वापत माध्यमिक विद्यालयलाई रु. १५,०००/- र आधारभूत विद्यालयलाई रु. १०,०००/- दिने व्यवस्था छ । पालिका अन्तर्गतका देहायका विद्यालयलाई बढी निकासा दिएको रु. २,३०,०००/ फिर्ता गरी सङ्घिय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. २३०,०००

| विद्यालयको नाम | निकासा भएको | निकासा हुनुपर्ने | बढी निकासा |
|---|---|---|---|
| सरस्वती मा.वि., खयरमारा महोत्तरी | २५०००० | २५००० | २२५००० |
| मित्रता आधारभूत विद्यालय १ देखि ५ | १५००० | १०००० | ५००० |
| **जम्मा** | | | **२३००००** |

५९.७ **शिक्षक कर्मचारीको तलव बढी निकासाः** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारवाही गरी बढी निकासा भएको रकम असूल उपर गरिने व्यवस्था छ । देहायका विद्यालयहरुलाई तलवमा रु.६,५१,७४५/- बढी निकासा भएकोले असूल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ६५१,७४५

| विद्यालयको नाम | निकासा भएको | निकासा हुनुपर्ने | बढी निकासा | कैफियत |
|---|---|---|---|---|
| मा वि हात्तिलेट महोत्तरी | ५१७७०२ | २८९३६० | २२८३४२ | कार्तिकको मा वि शिक्षक तलव |
| जनता मा वि गैरीडाडा महोत्तरी | ७४११४१ | ४४७६४१ | २९३५०० | माघको मा वि शिक्षक तलव |
| रा आ वि मनहरीपुल फुलवारी टोल महोत्तरी | १११४५ | ७०९७७ | ४०१६८ | कार्तिक महिनाको शिक्षक तलव |
| राष्ट्रिय सरस्वती मा वि कालापनी महोत्तरी | ४५३४८३ | ४४७०६८ | ६४१५ | कार्तिक महिनाको शिक्षक तलव |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>जनता सुकुम्वासी आ वि हात्तिलेट महोत्तरी</td><td>३९८१०</td><td>३०८१०</td><td>९०००</td><td>कार्तिक महिनाको शिक्षक तलव</td></tr>
<tr><td>रा मा वि पशुपतिनगर वनरझुला महोत्तरी</td><td>२२७०४५</td><td>२१७८६९</td><td>९१७६</td><td>कार्तिकको मा वि शिक्षक तलव</td></tr>
<tr><td>रा आ वि वर्दिवास महोत्तरी</td><td>५००८८८</td><td>४७५७४४</td><td>२५१४४</td><td>माघको शिक्षक कर्मचारी वढी निकासा भएको रु २१५८९७।अषाढमा कट्टि गरि नपुग मात्र</td></tr>
<tr><td>जनता मा वि गैरीडाडा</td><td>१०३५००</td><td>९५५००</td><td>८०००</td><td>वालविकास केन्द्रका कर्मचारीको माघको तलव</td></tr>
<tr><td>सरस्वती रा आ वि वर्दिवास</td><td>३२०००</td><td>०</td><td>३२०००</td><td>वालविकास केन्द्रका कर्मचारीलाई दिन नमिल्ने महङ्गी भत्ता</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६५१७४५</td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>५९.८</td>
<td></td>
<td></td>
<td>
शिक्षण सहयोग अनुदान : कार्यक्रम कार्यान्वयन निर्देशिका २.७.१३.४० बमोजिम अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दी मिलानको प्रतिवेदन अनुरुप सामूदायिक विद्यालयको माध्यामिक तहको कक्षा (९-१०)का लागि कुनै पनि दरवन्दी वा राहत अनुदान नभएका (शुन्य दरवन्दी) र १ मात्र दरवन्दी वा राहत अनुदान भएका गणित, अग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ का अतिरिक्त वजेटको परिधिभित्र रही शुन्य दरवन्दी भएका विद्यालयलाई न्युनतम २ र १ दरवन्दी भएकालाई १ थप गरी न्युनतम २ शिक्षक वरावरको अनुदान नियमानुसार शिक्षक भर्ना भएपछि उपलव्ध गराउने व्यवस्था भएकोमा देहाएका विद्यालयमा व्यवस्थापन समिती गठन नभएको कारण शिक्षक नियुक्तिको प्रमाण पेश गरेको छैन । शिक्षक नियुक्त बेगर निकासा भएको अनुदान रु. ९,३९,४८०/- असूल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु.
<table>
<tr><td>क्र.स.</td><td>विद्यालयको नाम</td><td>निकासा रकम</td></tr>
<tr><td>१</td><td>मा.वि. प्रेमनगर वर्दिवास महोत्तरी</td><td>७७०२८०</td></tr>
<tr><td>२</td><td>ज.मा.वि. डाडाटेल वर्दिवास महोत्तरी</td><td>१६९२००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९३९४८०</td></tr>
</table>
</td>
<td>९३९,४८०</td>
</tr>
<tr>
<td>५९.९</td>
<td></td>
<td></td>
<td>निःशूल्क पाठ्यपुस्तक : कार्यालयले विद्यालयहरुलाई निःशूल्क पाठ्यपुस्तक अनुदान दिँदा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तक संख्या एकिन गरी अनुदान दिनुपर्ने उल्लेख भएकोमा निःशूल्क पाठ्यपुस्तकमा रु. ९५,५९,९८४/- निकासा भएको छ।</td>
<td>१,१७५,६००</td>
</tr>
</table>

यसरी अनुदान दिँदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत र २०७९ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद एवं वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम थप गर्न सकिने व्यवस्था निर्देशिकामा रहेकोमा पालिकाले अन्तर्गतका विद्यालयहरुलाई नपुग भएको भनी पाठ्यपुस्तक खरिद एवं वितरणको प्रमाण बेगर थप पाठ्यपुस्तकको लागि रु. ११,७५,६००/- निकासा दिएकोले बढि निकासा रकमको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| **विद्यालयको नाम** | **रकम** | **कैफियत** |
|---|---|---|
| जनजागृती आ. वि. वर्दिवास | ३२६४३ | विल पेश नभएको |
| जनता मा. वि. गैरीडाडा | ४६३९८७ | रु ६५६२५९/निकासा भएकोमा रु १९२२७२/को मात्र विल |
| इच्छेश्वर मा. वि.चेरु | २३५७६० | विल पेश नभएको |
| मा.वि.हात्तिलेट | ३०३७६ | रु ३८११२९। निकासा भएकोमा रु ३५०७५३।को मात्र विल |
| लक्ष्मीनारायण ज मा वि खयरमारा | २९३४०९ | विल पेश नभएको |
| ज आ वि टुटेश्वर खयरमारा | १६००३ | रु ५२५०८। निकासा भएकोमा रु ३६५०५।को मात्र विल |
| नोरुल ओलुम इस्लामिया मदर्सा | २०००७ | विल पेश नभएको |
| सेम नेपाल इसामु नमूना आ वि | ८३४१५ | विल पेश नभएको |
| **जम्मा** | **११७५६००** | |

५९.१० **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान :** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ वमोजिम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई रु.६,५०,०००/- का दरले निकासा भएको देखिन्छ। विद्यालय र पालिकाबीच भएको सम्झौता पत्र अनुसार विद्यालयले २०७९ असार मसान्तसम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्नेमा कार्यसम्पन्न प्रतिवेदन पेश गरेका छैन।कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु ६,५००,०००

| **विद्यालयको नाम** | **विज्ञान प्रयोगशाला** | **आइसिटी ल्याव** | **पुस्तकालय** | **जम्मा** |
|---|---|---|---|---|
| रा आ वि भव्सी | ० | ६५०००० | ० | ६५०००० |
| जनज्योती आ वि मनहरीपुर | ० | ० | ६५०००० | ६५०००० |
| रा मा वि प्रेमनगर | ६५०००० | ० | ० | ६५०००० |
| मा वि हात्तीलेट | ० | ० | ६५०००० | ६५०००० |
| दुर्गा मा वि पथलैयावजार | ० | ६५०००० | ० | ६५०००० |

| | | | | |
|---|---|---|---|---|
| | | | ने रा आ वि दमार भञ्ज्याङ \| ० \| ६५०००० \| ० \| ६५०००० | |
| | | | रा मा वि छोडके खयरमारा \| ६५०००० \| ० \| ० \| ६५०००० | |
| | | | लक्ष्मीवास आ वि भांग्रे झ्याउरे \| ६५०००० \| ० \| ० \| ६५०००० | |
| | | | सरस्वती आ वि खयरमारा \| ० \| ० \| ६५०००० \| ६५०००० | |
| | | | ने रा आ वि चल्की विजयपुर \| ० \| ० \| ६५०००० \| ६५०००० | |
| | | | **जम्मा** \| **१९५००००** \| **१९५००००** \| **२६०००००** \| **६५०००००** | |
| ५९.११ | | | **छात्रवृत्ती अनुदान :** कार्यक्रम कार्यान्वन पुस्तिका २०७८।७९ अनुसार छात्रवृत्ती रकम निकासा दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कसग सत्यापन गराइ यकिन संख्याको आधारमा कक्षा १ देखि ८ सम्मका छात्रा तथा दलित छात्रा छात्रको लागि प्रति विद्यार्थी रु. ४०० का दरले हुने रकम निकासा दिने र यसरी निकासा दिएको रकम विद्यार्थीलाई वितरण गरेको भर्पाइ पालिकामा पेश गर्नुपर्ने तथा वाकी रकम फिर्ता गर्नुपर्नेमा पालिका अन्तर्गतका IEMIS मा प्रविष्टि भएका गैर आवासिय छात्रा ५४५४ र दलित छात्रवृत्ती १०४८ समेत ६५०२ विद्यार्थिलाई रु. ४०० का दरले रु. २६,००,८००/- निकासा दिएकोमा वितरण भर्पाइ पेश नभएको रु. | २,६००,८०० |
| ५९.१२ | | | **दृष्टिविहिन आवाशिय छात्रवृत्ती :** आवासमा वसी अध्ययन गर्ने विद्यार्थीहरुका लागि प्रति विद्यार्थी रु. ४,०००/- का दरले १० महिनाको रु. ४०,०००/- अनुदान उपलव्ध गराउने र यसरी उपलव्ध गराएको रकम प्रति विद्यार्थी रु. ५,०००/- का दरले व्यक्तिगत सरसफाइ सामग्री खरिद गर्न भर्पाइ गरि नगदै उपलव्ध गराउने व्यवस्था रहेकोमा यस पालिका अन्तर्गत सञ्चालन भएको दृष्टिविहिन छात्रावास जनता मा.वि.गैरीडाडालाई प्रति विद्यार्थी रु. ४०००/ का दरले १० महिनाको रु. ४०,०००/ ११ जना विद्यार्थीकोलागि रु. ४,४०,०००/ निकासा दिएकोमा विद्यार्थीले पाउने रकम विद्यार्थीलाई भुक्तानी दिएको पाइएन। विद्यालयमा निकासा भएको रकमबाट छात्रावास सञ्चालनको लागि खर्च गरेको तर रु. ५०००/ का दरले विद्यार्थीले पाउने रकम ११ जनाको हुने रु. ५५,०००/ सम्वन्धित विद्यार्थीलाई वितरण गरि भर्पाइ पेश हुनुपर्ने रु. | ५५,००० |
| ५९.१३ | | | **प्रतिवेदन पेश नभएको :** पढदै कमाउदै कार्यक्रम अन्तर्गत छनौट भएको प्राविधिक धार तर्फको विद्यालय जनता मा वि गैरीडाडालाई कृषि, पशुपालन र माछापालनको लागी रु. १०,००,०००/- लाख निकासा दिइ खाता रोक्का गरेकोमा उपरोक्त बमोजिम कार्य गरेको विवरण पेश नगरेकोले सो बमोजिम कार्य गरी प्रगति प्रतिवेदन पेश हुनुपर्ने रु. | १,०००,००० |
| ६० | | | **खर्च शिर्षकः** महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ को खण्ड (३) मा खर्चको संकेत तथा वर्गिकरण र व्याख्यामा कुन कुन शिर्षकमा के-के खर्च समावेश हुन्छन भनेर स्पष्ट वर्गिकरण र व्याख्या गरिएको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा रकम स्वीकृत बजेट भित्र र सम्बन्धित शिर्षकमा पर्दछ र खर्च गर्न बाँकि छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नुसार खर्च सम्बन्धित शिर्षकबाट नलेखि फरक शिर्षकबाट खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु.<br>**भौ.नं. र मिति** \| **खर्च लेखेको शिर्षक** \| **खर्च लेख्नु पर्ने शिर्षक** \| **भुक्तानि रकम** | ५१६,१९४ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०६/०७९/०३/२५</td><td>मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निःशुल्क गर्भपतन कार्यक्रम</td><td>स्थानीय तहका स्वास्थ्य चौकि प्रा स्व के र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव महंगी भत्ता स्थानीय भत्ता पोशाक लगायत प्रशानिक खर्च</td><td>५१६१९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाले आफ्नो क्षेत्र भित्रका वडाहरुमा खानेपानी तथा कूलो मर्मत लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५०२ जनालाई ४ देखि ४१ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला बापत रु. ५०,६३,७५०/- खर्च गरेको छ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>संघीय सर्शत पूँजीगत</td><td></td></tr>
<tr><td>६२.१</td><td></td><td></td><td>विद्यालय भौतिक पूर्वाधार निर्माण : शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ४३ लाख २० हजार निकासा भएकोमा विद्यालयले निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न प्रतिवेदन पालिकामा पेश नगरेकाले सोको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>२४/०७९/०३/२४</td><td>श्री जनता मा.वि. गौरीडाँडा</td><td>१८००००</td></tr>
<tr><td>२४/०७९/०३/२४</td><td>श्री रा.मा.वि. छोड्के ४</td><td>२५२००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४३२००००</td></tr>
</table>
</td><td>४,३२०,०००</td></tr>
<tr><td>६२.२</td><td>२१</td><td>२०७९-३-२३</td><td>कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान : शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१३ मा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ । कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई ICT ल्याव व्यवस्थापनका लागी रु.६,५०,००० का दरले निकासा भएको देखिन्छ।विद्यालय र पालिकाबीच भएको सम्झौता पत्र अनुसार विद्यालयले २०७९ असार मसान्तसम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ।विद्यालयले कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन। कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>श्री जनज्योति आवि मनहरीपुर बर्दिबास</td><td>६५००००</td></tr>
</table>
</td><td>३,२५०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>श्री सेम नेपाल राष्ट्रिय मावि ढुंग्रे गढन्ता</td><td>६५००००</td></tr><tr><td>श्री सरस्वती मावि खयरमारा</td><td>६५००००</td></tr><tr><td>श्री राष्ट्रिय मावि पशुपतिनाथ बनरझुल्ला</td><td>६५००००</td></tr><tr><td>श्री टुटेश्वरनाथ मावि डिपू बर्दिबास</td><td>६५००००</td></tr><tr><td>**जम्मा**</td><td>**३२५००००**</td></tr></table> | |
| ६२.३ | २३ | २०७९-३-२४ | **कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८७ र ८८ बमोजिम भुक्तानिमा सामाजिक सुरक्षा कर, अग्रिम आयकर तथा वहाल कर कट्टि गर्नुपर्ने उल्लेख छ। पालिकाले ४ कोठे भवन निर्माण कार्यको लागि पेश्कि वापत श्री रा.मा.वि. छोड्केलाई दिएको पेश्की रु. १०,८०,००० फ्छर्यौट गर्दा रा.मा.वि. छोड्के-४ कोठे भवन निर्माण उ.स. भुक्तानीमा १.५ प्रतिशतले हुने अग्रिम कर रु. १०,६९७।-, सामाजिक सुरक्षा कर रु. ४३०३।- र १० प्रतिशतले हुने भाडा कर रु. ६,७५०।- समेत जम्मा रु. २१,७५०।- कर कट्टि नगरेकोले उक्त कर रकम असुल गर्नुपर्ने रु. | २१,७५० |
| ६३ | | | **पुँजिगततर्फ** | |
| ६३.१ | | | **खरिद अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निमित्त छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमको कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नुपर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारवाही टुङ्गो लागेको ७ वर्ष सूरक्षित राख्नुपर्ने व्यवस्था छ । पालिकाले वोलपत्र र सिलवन्दी दरभाउपत्रवाट भएका खरिद कार्यको फाईल तयार गरेको भएतापनि खरिद नियमावलीले तोकेका सवै कागजातहरु सिलसिलेवर मिलाएर राखेको देखिएन । जसले गर्दा खरिद कारवाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्वन्धी कारोवारहरुको परीक्षण गर्न सहज भएन । पालिकाले सवै खरिद कार्यको अद्यावधिक अभिलेख राखी खरिद कार्यलाई प्रभावकारी वनाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६३.२ | | | **ठेक्का अभिलेख :** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ। | |
| ६३.३ | | | **डि.एल पि.अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन वोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ | |

| | | | | |
|---|---|---|---|---|
| | | | गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्न सक्ने अवस्था रहेन। अतः ठेक्काको डि.एल.पि. अभिलेख राख्ने कार्यतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ। | |
| ६३.४ | | | **गुणस्तर परीक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको र ठेक्काद्वारा गरिने निर्माण कार्य तथा मालसमान खरिदको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश भएतापनि सिरिजवाईज गुणस्तर परीक्षण हुने नगरेको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएको मालसमानको गुणस्तर परीक्षण हुने गरेको देखिएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य तथा खरिद भएका मालसमान गुणस्तरीय भएको सूनिश्चित हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएका मालसमानको गुणस्तर परीक्षण गरी निर्माण कार्य र खरिद भएको मालसमान गुणस्तरीय भएको सूनिश्चित हुनुपर्दछ। | |
| ६३.५ | | | **नापी किताव :** निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी कितावमा ठेक्का नम्बर, आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो विलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ। अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ विल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो। तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई नापी किताब नराखिँदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यवस्थापन गर्न सहज नहुने हुँदा उक्त अभिलेख राखिनु पर्दछ । | |
| ६३.६ | | | **उपभोक्ता समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो वर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य सम्पन्न गराएकोमा उल्लेखित समितिहरु ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ६३.७ | | | **जटिल संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले भवन निर्माण, **RCC** सडक ढलान जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। पालिकाले नियमावलीको व्यवस्था अनुरुप जटिल प्रकृतिका कार्यहरु व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । | |
| ६४ | | | **मर्मत सम्भार कोषः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शूल्क तोकी शूल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मर्मत संभार कोषको व्यवस्था गरेता पनि उक्त कोषमा उपभोक्ता समितिवाट कुनै शूल्क जम्मा गर्ने व्यवस्था नभएको साथै सम्बन्धित उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्यको रकम सम्झौता | |

<table>
<tr><td></td><td></td><td></td><td>बमोजिम भुक्तानी गर्दा मर्मत संभार वापतको रकम कट्टी गर्ने गरेको देखिएन । पालिकाले मर्मत संभार सम्वन्धी कार्यविधि बनाई उपभोक्ता समितिबाट सम्पन्न गराएको कार्यको भुक्तानी दिदा मर्मत संभार वापतको रकम कट्टी गरी उक्त कट्टी भएको रकमबाट कुनै योजना मर्मत संभार गर्नुपर्ने भएमा उक्त रकम खर्च गरी उपभोक्ता समितिमार्फत निर्माण भएका योजनाको मर्मत संभार कार्य गरी प्रभावकारी रुपमा संचालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर कट्टी नगरेकोः मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अर्न्तगत आपूर्ति हुने वस्तु वा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहेको कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले मूल्य अभिवृद्धि करको रकम भुक्तानी दिदा ३० प्रतिशत कट्टा नगरी भुक्तानी दिएकोले तपसिलका फर्मलाई भुक्तानी दिदा कट्टी नगरेको मूल्य अभिबृद्धि कर रकम समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.।मिति</th><th>कामको विवरण</th><th>फर्मको नाम</th><th>विल रकम</th><th>मू.अ.कर</th><th>३० % मू.अ.कर</th></tr>
<tr><td>१५।०७८।६।११</td><td>वडा नं. ९ को वडा कार्यालयको छाना निर्माण</td><td>गौरी शंकर ई. एण्ड कन्सल्टेन्सी</td><td>३३२३१९</td><td>४३२०१</td><td>१२९६०</td></tr>
<tr><td>२०।०७८।६।१३</td><td>अस्पताल परिसरमा डिप वोरिङ्ग कार्य</td><td>रेश्मा डिपवोरिङ्ग ट्यूवेल उद्योग</td><td>१५४४७७७</td><td>२००८२१</td><td>६०२४६</td></tr>
<tr><td>६०।०७८।७।१५</td><td>सरकारी जग्गा एकिकृत सम्बन्धी परामर्श कार्य</td><td>खुमन जि इन्जिनियरिङ्ग एण्ड सर्मिसिङ्ग प्रा.लि.</td><td>११९१८४०</td><td>१५४९३९</td><td>४६८४२</td></tr>
<tr><td>१४३।०७८।१०।१७</td><td>जुरे टोलमा खा.पा.को O.H. टंकिको डि.पि.आर. कार्य</td><td>मोर्डन कन्सल्टेन्सी</td><td>३२२५००</td><td>४१९२५</td><td>१२५७८</td></tr>
<tr><td>८४।०७८।९।६</td><td>अव्यवस्थित जग्गाको लगत संकलन कार्य</td><td>खुमन जि इन्जिनियरिङ्ग एण्ड सर्मिसिङ्ग प्रा.लि.</td><td>१२३४६००</td><td>१६०४९८</td><td>४८१४९</td></tr>
<tr><td>२१०।०७८।१२।२७</td><td>अव्यवस्थित जग्गाको लगत संकलन कार्य</td><td>खुमन जि इन्जिनियरिङ्ग एण्ड सर्मिसिङ्ग प्रा.लि.</td><td>६९८८८०</td><td>९०८५४</td><td>२७२५६</td></tr>
<tr><td>३५६।०७९।२।२६</td><td>किसाननगर सिँचाई योजनाको डि.पि.आर. कार्य</td><td>किरु इन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>४४००००</td><td>५७२००</td><td>१७१६०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२२५१९१</td></tr>
</table></td><td>२२५,१९१</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>परामर्श सेवाको खरिदःसार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी गर्न नहुने उल्लेख छ ।</td><td></td></tr>
</table>

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा २० लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६(क) बमोजिम मौजुदा सुचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था छ। प्रस्ताव माग गर्दा सम्भव भएसम्म ६ वटा र कम्तिमा ३ वटा परामर्शदातासँग प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारको परामर्श सेवा खरिद गरेको छ ।

| गो.भौ.नं.।मिति | कामको विवरण | परामर्श दाताको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ६०।०७८।७।१६ | सरकारी जग्गा एकिन सम्बन्धी परामर्श कार्य | खुमन जी ईन्जिनियरिङ्ग एण्ड सर्भिसिङ्ग प्रालि | १३४६७७९ |
| १४३।०७८।१०।१७ | जुरे टोलमा खा.पा.को ओ.एच.टि. को डि.पि.आर. निर्माण कार्य | मोर्डन कन्सल्टेन्सी | ३६४४२५ |
| ८४।०७८।९।७ | अव्यवस्थित जग्गाको लगत संकलन कार्य | खुमन जी ईन्जिनियरिङ्ग एण्ड सर्भिसिङ्ग प्रालि | १३९५४८८ |
| २१०।०७८।१२।२७ | अव्यवस्थित जग्गाको लगत संकलन कार्य | खुमन जी ईन्जिनियरिङ्ग एण्ड सर्भिसिङ्ग प्रालि | ७८९७३४ |
| ३५६।०७९।२।२६ | किसानगर सिंचाई योजनाको डि.पि.आर. तयार कार्य | किरु इन्जिनियरिङ्ग सेवा | ४९७२०० |
| ३८८।०७९।३।६ | पालिकाको विगत ५ वर्षको सूचना संप्रेषण कार्यको डकुमेन्ट्रि | पालिका खबर मिडिया हाउस प्रा.लि. | ४९९००० |
| ४०७।०७९।३।१४ | विगत ५वर्षको कार्य सम्पादन सम्बन्धी सूचना संप्रेषण | कम्युनिटी लर्निङ्ग एण्ड इम्प | ४८४७७० |
| **जम्मा** | | | **५३७७३९६** |

परामर्श सेवा खरिदका सम्वन्धमा देखिएका व्यहोराहरु निम्नुसार छन ।

६६.१ **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा गत वर्षको नर्म्स, सोही प्रकृतिको अन्य कार्य गर्ने निकायले तयार गरेको नर्म्सलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष परामर्श सेवा खरिद वापत रु. ५३,७७,३९६।- भुक्तानी गरेकोमा परामर्श सेवाको नर्म्स स्वीकृत गरेको छैन । पालिकाको नर्म्स स्वीकृत नभएको अवस्थामा लागत अनुमान तयार गर्दा अन्य निकायले तयार गरेको नर्म्स प्रयोग गरेको खुल्ने स्पस्ट प्रमाण संलग्न नभएकोले पालिकाले तयार गरेको लागत अनुमान यथार्थ र मितव्ययी छ भन्न सक्ने अवस्था देखिएन । पालिकाले स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी खरिद कार्य मितव्ययी र प्रतिष्पर्धी बनाउनुपर्दछ ।

६६.२ **पालिकाको जनशक्तिको उपयोग नगरेको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका आफ्नै जनशक्तिवाट हुने कामको लागि परामर्श सेवा लिन नहुने उल्लेख छ । पालिकाले उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र प्रतिष्पर्धाको माध्यमवाट परामर्श सेवा

<table>
<tr><td></td><td></td><td></td><td>खरिद गनुपर्नेमा पालिकामा कार्यरत जनशक्तिवाट उक्त कार्य हुन नसक्ने स्पष्ट कारण वेगर परामर्श सेवाको खरिद गरेको देखियो । पालिकाले कार्यालयको जनशक्तीबाट कार्य हुन नसक्ने अवस्थामा मात्र परामर्शदाता संग सेवा खरिद गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६६.३</td><td></td><td></td><td>पेशागत दायित्वको बिमा नगरेको: सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८१(७) मा ऐन को दफा ३८ बमोजिम परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्यावलिटी ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले परामर्श सेवा सम्वन्धी कार्यका लागि सम्झौता गरी रु. ५३,७७,३९६।- रकम भुक्तानी गरेकोमा परामर्श सेवा कार्यको ऐन नियममा भएको व्यवस्था बमोजिम पेशागत दायित्व विमा गराएको देखिएन । पालिकाले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>सोझै खरिदः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा सार्वजनिक निकायले रु. १० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सक्ने उल्लेखछ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ मा बिशेष परिस्थती उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानी नोक्सानी हुने अवस्था आईपरेमा सार्वजनिक निकायले तत्काल खरिद गर्न सक्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ मा ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले आकस्मिक परिस्थतिको सामना गर्न आवाश्यक परिमाण र समयावधिको लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायीसंग दरभाउपत्र माग गरी स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्न सक्ने उल्लेख छ भने उपनियम ३ मा सार्वजनिक निकायले उपनियम १ बमोजिम रु. १० लाख भन्दा बढी रकमको खरिद गरेको भएमा त्यस्तो निकायले त्यसरी खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने र सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनुपर्ने उल्लेखछ । पालिकाले यस वर्ष रु. २७,४५,५९८।- रकमको डिपवोरिङको कार्य बिशेष परिस्थती सृर्जना भएको भनि सोझै खरिद गरेको देखिन्छ । पालिकाले निर्माण कार्यको लागि एउटा फर्मसँग सम्झौता गरी सोझै खरिद गरेकोले उक्त खरिद कार्य मितव्ययी र प्रतिषपर्धी छ भन्न सकिएन । पालिकाले बिशेष परिस्थती जनाई रु. १० लाख भन्दा बढीको निर्माण कार्य सोझै गरेता पनि नियमावलीमा भएको व्यवस्था बमोजिम पालिकाले त्यसरी खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गरेको र सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिएको देखिएन । कार्यालयले खरिद कार्य गर्दा ऐन नियममा भएको व्यवस्थाको पालना गरेर खरिद कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं.।मिति</th><th>निर्माण कार्य</th><th>फर्मको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२०।०७८।६।१३</td><td>अस्पताल परिसरमा डिप वोरङ्ग कार्य</td><td>रेश्मा डिप वोरिङ्ग ट्यूवेल उद्योग</td><td>१७४५५९८</td></tr>
</table></td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>माटो फिलिङ्ग र कटीङ कार्यको दोहोरो भुक्तानीः स्टयाण्र्ड स्पेशिफिकेसन् फर रोड एण्ड ब्रिज वर्क्स, २०७३ को बुँदा नं. ९१७(५) मा सडकको एलाइन्टमेन्ट स्थित माटोको कटान परिमाणलाई लेभल मिलाउन माटो पुर्दा सो परिमाणलाई माटोको कटान तर्फ र माटो पुरेको परिमाणतर्फ दोहोरो हुने गरी नाप गर्न नमिल्ने व्यवस्था गरेको छ।पालिकाले उपभोक्ता समिति मार्फत गराएका तपशिलका तटबन्धन कार्यमा एउटै परिमाणलाई माटो कटान तथा फिलिङ्ग कार्य गरेको दोहोरो नापी देखाई भुक्तानी गरेको छ।एउटै कामलाई दोहोरो हुने गरी नापीमा देखाउन नमिल्ने देखिएकाले उक्त दोहोरो मध्ये माटो कटान तर्फ देखाएको परिमाणको भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं।<br>मिति</th><th>निर्माण कार्य</th><th>मूल्यांकन रकम</th><th>माटो पुरेको परिमाण (घ.मि.)</th><th>माटो काटेको परिमाण (घ.मि.)</th><th>माटो काटेको दोहोरो परिणाम (घ.मि.)</th><th>दर</th><th>भुक्तानी रकम</th></tr>
</table></td><td>५३९,०६८</td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३७८।०७९।३।१ | वडा नं. ७ को फुलवारी टोल खण्डमा तटबन्ध निर्माण कार्य | ५२१७८८१ | ५०२३.२९ | ५०२३.२९ | ५०२३.२९ | ४५.४५ | २२८३०९ |
| ४६४।०७९।३।२४ | रातु खोला नदि नियन्त्रण कार्य | ४२१८५५७ | ३६२८.०६ | ३६२८.०६ | ३६२८.०६ | ४४.४५ | १६१२५७ |
| ४६५।०७९।३।२४ | वडा नं. ७ को जुरे टोल खण्डमा तटबन्ध निर्माण कार्य | ४२१८७९१ | ३३६३.३८ | ३३६३.३८ | ३३६३.३८ | ४४.४५ | १४९५०२ |
| **जम्मा** | | | | | | | **५३९०६८** |

६९ **दर विश्लेषणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको निर्माण कार्यको आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा सम्बन्धित निर्माण कार्यका लागि नेपाल सरकारको विशिष्टिकृत निकायले तयार गरेको नर्म्सको प्रयोग गर्नुपर्दछ। पालिकाले यस वर्ष सडक र नाला निर्माणमा सडक विभागले तयार गरेको पि.सि.सि. १:२:४ को नर्म्स प्रयोग गर्नुपर्नेमा अन्य नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरेको र सोही आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरेको पाइयो। यसरी पालिकाले सडक विभागको नर्म्स प्रयोग नगरी अन्य नर्म्सको प्रयोग गर्दा निम्नानुसार योजनामा बढी भुक्तानी भएको देखिएकोले थप व्ययभार परेको रु. १,६६५,८१३

| गो.भौ.नं.। मिति | योजनाको नाम | मूल्यांकन रकम | पि.सि.सि. १:२:४ | लिइएको दर | दर विश्लेषण अनुसारको हुने दर | फरक दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| ३३७।०७९।२।२४ | दिपेन्द्र बजार हुदै नेवार टोल जाने बाटो स्तरोन्नति कार्य | ४४३२९४ | २६.१३ | ११६०५.२४ | ८७४१.८४ | २८६३.४ | ७४८२१ |
| ३४०।०७९।२।२४ | नयाँ बजारबाट दक्षिणतर्फ रुद्र ब. खड्का टोल सम्म जाने बाटो निर्माण कार्य | ७८७८२० | १४.४९ | ११६०५.२४ | ८७४१.८४ | २८६३.४ | ४१४९१ |
| ४१३।०७९।३।१९ | सकुन्तला पोखरेलको घर देखि साथी भाई टोल सम्म जोड्ने सडक | ३५०२२८ | २३.५ | ११६०५.२४ | ८७४२.८४ | २८६३.४ | ६७२९० |
| ४१७।०७९।३।२० | राजमार्ग पश्चिम रानाको घर देखि मरुवा टोल सम्म जोड्ने सडक स्तरोन्नति कार्य | ३५२७१२ | २५.६४ | ११६०५.२४ | ८७४२.८४ | २८६३.४ | ७३४१८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४३०।०७९।३।२२ | बुद्द चोकमा नाला निर्माण कार्य | ५७७७७१ | २२.७६ | ११६०५.२४ | ८७४१.८४ | २८६३.४ | ६५१७१ |
| ४४२।०७९।३।२३ | साविक गौरी वास वडा नं. २ शाखा सडकहरुको स्तरोन्नति कार्य | ९१५७२६ | ५९.५ | ११६०५.२४ | ८७४१.८४ | २८६३.४ | १७०३७२ |
| ४५०।०७९।३।३२ | नयाँ टोलबाट नयाँ बजार जाने बाटो पि.सि.सि. ढलान कार्य | ५८७०६१ | ४२.०५ | ११६०५.२४ | ८७४१.८४ | २८६३.४ | १२०४०६ |
| ३०९।०७९।२।१० | ज.मा.वि. उत्तरबाट उर्मिला कार्कीको घर जाने बाटो निर्माण कार्य | ३५३६०५ | २५.६२ | ११६०५.२४ | ८७४१.८४ | २८६३.४ | ७३३६० |
| ९०।०७८।९।१२ | कालापानी लक्ष्मीनारायण बस्ती सडक ढलान कार्य | १७७३५९० | १४३.२३ | ११६०५.२४ | ८७४१.८४ | २८६३.४ | ४१०१२५ |
| २३०।०७९।१।६ | श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय जाने सडक ढलान कार्य | ७२२५६३ | ५९.८१ | ११६०५.२४ | ८७४१.८४ | २८६३.४ | १७१२६० |
| २४०।०७९।१।७ | भाव्सी यम ब. खोल्सीमा कज्वे र लामा खोल्सीमा ढलान कार्य | ८४२११४ | १६.६५ | ११६०५.२४ | ८७४१.८४ | २८६३.४ | ४७६७६ |
| २३९।०७९।१।७ | विष्णु काफ्लेको घर उत्तर नाला निर्माण र इन्द्र पाख्रिनको घर छेउको उकालो ढलान कार्य | ७१७१६२ | ५९.४७ | ११६०५.२४ | ८७४१.८४ | २८६३.४ | १७०२८६. |
| २३३।०७९।१।६ | भाव्सी हात्तिमारा खोला अगाडी सडकमा ढलान कार्य | ५१३४९३ | २९.३ | ११६०५.२४ | ८७४१.८४ | २८६३.४ | ८३८९८ |
| १०७।०७८।९।२७ | अटव्य खोल्सी कामी डाँडा जानेबाटो पि.सि.सि. ढलान कार्य | ४६२७२० | ३३.६१ | ११६०५.२४ | ८७४१.८४ | २८६३ | ९६२३९. |
| **जम्मा** | | | | | | | **१६६५८१३** |

| | | | | |
|---|---|---|---|---|
| ७० | | | **रोटरी क्लव अफ बर्दिवासः** रातो नदीको ड्यामको दायाँ वायाँ वृक्षारोपण कार्य गर्नको लागि पालिकाले रु. १,०६,१०,६३७।- को लागत अनुमान तयार गरी पालिका र रोटरी क्लब अफ बर्दिवासबीच मिति २०७९।३।३ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१२।२१ मा सम्झौता भई उक्त वृक्षारोपण कार्य २०७९।३।२५ मा सम्पन्न भई रु. १,०६,०२,०११।- भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् । | |
| ७०.१ | | | **दर विश्लेषणबाट हुने दर भन्दा बढी दर राखी सम्झौता तथा भुक्तानी:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको | ५८२,१३६ |

<table>
<tr><td></td><td></td><td></td><td>लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दर रेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले लाभग्राही समूह/उपभोक्ता समिति मार्फत कार्य गराउँदा लागत अनुमानमा समावेश भएको ओभरहेडको रकम घटाई सम्झौता गर्नुपर्नेमा ओभरहेड सहितको निर्माण व्यवसायीको दर राखी सम्झौता गरी सोही बमोजिम भुक्तानी गरेकोले वृक्षारोपण कार्यको तपसिलको आईटममा रु. ५,८२,१३६।- बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>कामको विवरण</th><th>परिमाण (घ.मि.)</th><th>दिइएको दर</th><th>हुनुपर्ने दर</th><th>फरक दर</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>क</td><td>Stone solling work</td><td>१०३.९२</td><td>२२९३.९</td><td>१९९४.७</td><td>२९९.२</td><td>३१०९३</td></tr>
<tr><td>ख</td><td>PCC work (1:2:4)</td><td>१३१.८१</td><td>१२५००.२२</td><td>११६०५</td><td>८९५.२२</td><td>११७९९९</td></tr>
<tr><td>ग</td><td>Brick Masonry (1:4)</td><td>२३१.२९</td><td>१४६२६.७६</td><td>१३८९५</td><td>७३१.७६</td><td>१६९२४९</td></tr>
<tr><td>घ</td><td>Ston masonry work (1:4)</td><td>२५६.९३</td><td>१०६७३.२८</td><td>९६४६.५६</td><td>१०२६.७२</td><td>२६३७९५</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>५८२१३६</td></tr>
</table></td><td></td></tr>
<tr><td>७०.२</td><td></td><td></td><td>वृक्षरोपण कार्य अन्तर्गत पर्खाल निर्माण गर्न ५१०.०५ घ.मि. माटो काट्ने कार्यको पालिकाले प्राविधिक मूल्याङ्कन गरी प्रति घ.मि. रु. ५९२.८३ का दरले रु. ३,०२,३७३।- भुक्तानी दिएको छ। मिति २०७९।१०।५ मा पालिकाका प्राविधिक, लेखा तथा प्रशासनका कर्मचारी सहित लेखापरीक्षण टोली स्थलगत निरीक्षण गर्दा उक्त वृक्षरोपण कार्यको पर्खाल लगाएको स्थान करिब ३० फिटे चौडा बाटोसँग जोडिएको पाइयो । मूल सडकमा जोडिएको निर्माण कार्यस्थलमा माटो खन्ने कार्यको लागि पालिकाले तयार गरेको मेशिनबाट माटो खन्ने कार्यको प्रति घ.मि. रु. ५५.६७ को दर राखी लागत अनुमान तयार तथा भुक्तानी गर्नुपर्नेमा मानिसको दर राखि भुक्तानी दिदा प्रति घ.मि. रु. ५३७.१६ ले बढी थप व्ययभार परेको देखिएकोले ५१०.०५ घ.मी. को बढी भुक्तानी भएको रु. २,७३,९७८/- असुल हुनुपर्ने रु.</td><td>२७३,९७८</td></tr>
<tr><td>७०.३</td><td></td><td></td><td>सीमा भन्दा बढी कार्य गराएको : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १(क) मा रु. १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने व्यवस्था छ।नियम ९७ को उपनियम १(क) मा उल्लेखित १ करोड रुपैया सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ।त्यस्तै सोही नियमावलीको नियम ९७ (क) मा ५ करोड रुपैया सम्म लागत अनुमान भएको स्थानीय स्रोत साधन र सीप उपयोग गरी स्थानीय स्तरमा रोजगारी सृजना हुने निर्माण कार्य लाभग्राही समूदायबीच प्रतिस्पर्धा गराइ गर्न सकिने उल्लेख छ।यस वृक्षरोपण कार्यको लागत अनुमान बनाउँदा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिन्जेन्सी रकम समावेश नगरी रु. १,०६,१०,६३७।- को लागत अनुमान बनाएको र उक्त लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सी रकम समावेश गर्दा यस कार्यको लागत अनुमान करिव रु. १,४०,००,०००।- हुने देखिन्छ । यस निर्माण कार्यको लागत अनुमान १ करोड भन्दा माथि भएको र १ करोड भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यको लाभग्राही समूदायबीच प्रतिस्पर्धा गराई कार्य गराउनु पर्ने सार्वजनिक खरिद नियमावली २०६४ को निमय ९७(क) को समेत पालना नभएकोले खरिद प्रक्रिया पारदर्शि र प्रतिस्पर्धी देखिएन।पारदर्शिता, जवाफदेहिता र प्रतिस्पर्धा सिमित गरी गरिने यस्ता खरिद कार्यलाई पालिकाले नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७०.४</td><td></td><td></td><td>जनसहभागिता : बर्दिवास नगरपालिकाको नगर कार्यपालिकाबाट मिति २०७४।१०।१३ मा स्वीकृत भएको योजना सञ्चालन कार्यान्वयन कार्यविधि २०७४ को बुँदा नं १५ मा एक लाख भन्दा माथिका आयोजना सञ्चालन गर्नका लागि १० प्रतिशत नगद लागत सहभागिता</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | उपभोक्ता समितिले नगरपालिकाद्वारा तोकेको बैंक खातामा जम्मा गरी सो को भौचर पेश गर्नुपर्ने र रु. १ लाख भन्दा कमका आयोजनामा १० प्रतिशत नगद वा श्रमदान पनि गर्न सकिने व्यवस्था रहेको छ।तर पालिका र रोटरी क्लव अफ बर्दिवासबीच मिति २०७८।१२।२१ मा भएको रु. १,०६,१०,६३७।- लागत अनुमानको निर्माण कार्यको खरिद सम्झौतामा नगद लागत सहभागिता वा जनश्रमदान उल्लेख नभएको र सो अनुसार नै सम्झौता गरी शतप्रतिशत रकमम भुक्तानी भएको छ।पालिकाले स्वीकृत गरेको योजना सञ्चालन कार्यान्वयन कार्यविधि अनुसार लागत सहभागिता १० प्रतिशत नलिँदा पालिकालाई रु. १०,६१,०६४।- थप व्ययभार परेको छ। पालिकाले प्रचलित कानुन र कार्यविधिको परिपालनमा गरी खरिद कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ७१ | | | **विल विजकको भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ।लेखापरीक्षणको क्रममा यस सम्वन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन। | |
| ७१.१ | ३६ | २०७८-६-१९ | बरहरी खोला दास टोलको बाँध नियन्त्रण कार्यको पालिकाले रु. ३९,७०,१६७/- मूल्यांकन गरी उपभोक्ता समितिलाई रु. ३३,७४,६४१/- भुक्तानी दिएको छ। निर्माण कार्यसँग सम्बन्धित रनिङ्ग विल र नापी किताव परीक्षण गर्दा सडक किनारामा ग्याविन जाली लगाउने कार्यको लागि ३x१x०.५० मेस साईजको २०३ थान र सो ग्याविन जालीमा २०३ घ.मि. वोल्डर भरेको नापी कितावमा उल्लेख छ । प्रयोग भएको उपरोक्त मेस साइजको २०३ थान ग्याविन जाली र २०३ घ.मि. वोल्डर खपतको परीक्षण र गणना गर्दा २०३ घ.मि. वोल्डर भर्न ३x१x०.५० मेस साइजको १३५.३४ थान जाली मात्र खर्च लाग्नेमा २०३ थान जाली खर्च देखाएको छ।अतः वास्तविक खपत हुने जाली भन्दा ६७.६६ थान ग्याविन जाली बढी खर्च देखाएकोले प्रति थान जालीको रु. ४१२६.२१ ले हुने रु. २,७९,१७९/- बढि भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | २७९,१७९ |
| ७१.२ | ३८ | २०७८-६-२० | राजावास कृषि सडक स्तरोन्नति कार्यको पालिकाले रु. ४,४२,६६२/- मूल्यांकन गरी उपभोक्ता समितिलाई रु. ३,७६,२६२/- भुक्तानी दिएको छ। निर्माण कार्य सम्बद्व रनिङ्ग विल र नापी किताव परीक्षण गर्दा सडक मर्मत अर्न्तगत १०९३.५ मिटर लम्वाई र ४ मिटर चौडाइमा ४३७४ ब.मि. Surface leveling को कार्य भएतापनि चेनेज, लम्वाइ, चौडाई र उचाई नापी नगरी एकमुष्ट ७१९.६६५ घ.मि. sand mix gravel को कार्य प्रति घ.मि. रु. ३५० ले रु. २,५१,८८३/- भुक्तानी दिएको पाइयो।सडकमा ग्राभेलिङ्ग गर्ने कार्यको चेनेज नखुलेको र लम्बाई, चौडाई र उचाई देखिने विस्तृत नापी नगरी एकमुष्ट ग्राभेलिङ्गको परिमाण मात्र उल्लेख गरेकोले खर्च भएको ७१९.६६५ घ.मि. ग्राभेल कार्यको पुष्टि भएन।अतः चेनेज खुलेको र विस्तृत नापी गरको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | २५१,८८३ |
| ७१.३ | | | पर्साही धाप कुलो निर्माण कार्यको लागि पालिकाले रु. २६,०५,६२९/- मूल्यांकन गरी उपभोक्ता समितिलाई रु. २२,१४,७८४/- भुक्तानी दिएको छ।नापी किताव परीक्षण गर्दा पार्ट १ को super passage अन्तर्गत कुलो निर्माण कार्यको वेसमा ४२.५० मिटर लम्बाई ०.७५ मिटर चौडाई र ०.१० मिटर उचाईमा PCC for RCC (1:2:4) को कार्यको ३.१८७ घ.मि. को मात्र नापी देखाउनुपर्नेमा ६.३८ घ.मि. को नापी गरी भुक्तानी दिएकोले प्रति घ.मि. रु. १०३०५.४१ ले बढी भुक्तानी भएको रकम रु. ३२,८४८/- असुल हुनुपर्ने रु. | ३२,८४८ |
| ७१.४ | २४४ | २०७९-१-७ | खयरमारा ड्याम मर्मत कार्यको पालिकाले रु. ११,७२,०४१/- मूल्यांकन गरी उपभोक्ता समितिलाई रु. ९९६२३४ भुक्तानी दिएको छ।निर्माण कार्य सँग सम्बन्धित रनिङ्ग विल र नापी किताव परीक्षण गर्दा Rcc Bed construction तर्फ ३३.१० मिटर लम्वाई, ९.६५ मिटर चौडाई र ०.१५ मिटर उचाई मा १:१.५:३ को पि.सि.सि. को ४७.९१ घ.मि. कार्य भएको र उक्त पि.सि.सि. फर आर.सि.सि. कार्यको पालिकाले तय गरेको प्रति घ.मि. दर रु. १२,६०१.५२ का दरले खर्च लेख्नुपर्नेमा दर फरक पारी प्रति घ.मि. रु. १२,९८८.४० का दरले खर्च लेख्दा ४७.९१ घ.मि. को रु. १८,५३५/- बढी भुक्तानी भएको छ। स्वीकृत दर भन्दा बढी दर राखी भुक्तानी दिदा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १८,५३५ |
| ७१.५ | २७८ | २०७९ | चार नम्बर ट्रान्समिटर बाटर सखुवाटार सम्मको पुरानो बाटो स्तरोन्नति कार्यको पालिकाले रु. ७,७०,१२७/- मूल्यांकन गरी यस निर्माण | ३४,०४४ |

| | | | | |
|---|---|---|---|---|
| | | -१-१४ | कार्यका उपभोक्ता समितिलाई रु. ६,४२,०००/- भुक्तानी दिएको छ। निर्माण कार्यसँग सम्बन्धित नापी किताव र रनिङ्ग विल परीक्षण गर्दा ग्यावित पर्खाल निर्माण कार्य अन्तर्गत ३x१x१ मेस साइजको २१ वटा ग्याविन जाली र ४७.६२८ घ.मि. वोल्डर खपत भएको नापी किताबमा उल्लेख छ।प्रयोग भएका ग्याविन जाली र खपत भएको वोल्डरको गणना र परीक्षण गर्दा ४७.६२८ घ.मि. वोल्डर भर्न उपरोक्त मेस साइजको जम्मा १६ थान जाली मात्र प्रयोग देखाउनुपर्नेमा २१ थान ग्याविन जाली खर्च देखाएकोले वास्तविक खपत हुने ग्याविन जाली भन्दा ५ थान ग्याविन जालीको प्रति थान रु. ६,८०८.७६ ले हुने रु. ३४,०४४/- बढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्ने रु | |
| ७१.६ | ३४७ | २०७९ -२-१५ | वरडाँडा बाटो स्तरोन्नति कार्यको पालिकाले रु. १०,५४,०७४/- प्राविधिक मूल्याकन गरी उपभोक्ता समितिलाई रु. ८,९५,९६३/- भुक्तानी दिएको छ।नापी किताव परीक्षण गर्दा यस निर्माण कार्यका लागि ३X१X१ मेस साइजको ३४ थान ग्याविन जाली खर्च भएको देखिएको र पालिकाले स्वीकृत गरेको दर विश्लेषणबाट तय भएको उपरोक्त मेस साइजको प्रति थान ग्याविन जालीको रु. ५,९२०.६६ का दरले खर्च लेख्नुपर्नेमा रु. ६,८०८.७६ का दरले खर्च लेख्दा ३४ थान ग्याविन जालीको रु. ३०,१९५/- बढी खर्च भएको देखिन्छ। दर विश्लेषणबाट तय भएको दर भन्दा बढी दर राखी बढी खर्च लेख्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ३०,१९५ |
| ७१.७ | ४३५ | २०७९ -३-२२ | माइस्थान खानेपानी डिप वोरिङ्ग कार्य अन्तर्गत १०० मिटर ड्रिलिङ्ग गरी डिप वोरिङ्ग कार्य गर्न रु. ८,७४,९६९/- को लागत अनुमान स्वीकृत गरी पालिका र उपभोक्ता समिति बीच पालिकाबाट रु. ६,००,०००/- भुक्तानी गर्ने गरी मिति २०७८।१।२१ मा सम्झौता भएको थियो। नापी किताव र रनिङ्ग विल परीक्षण गर्दा सम्झौता अनुसारको डिप वोरिङ्गको ड्रिलिङ्ग कार्य नगरी पालिकाले निर्माण सामाग्री खरिदको रु. ३,८९,०००/- को मूल्यांकन मात्र गरी उपभोक्ता समितिलाई रु. ३,३०,६५०/- भुक्तानी दिएको छ।सम्झौता अनुसार ड्रिलिङ्ग गर्नुपर्ने डिप वोरिङ्गको कार्य नगरी सामाग्री खरिदको मात्र मूल्यांकन गरी भुक्तानी दिन उपयुक्त देखिएन। अतः खरिद सम्झौता अनुसार डिप वोरिङ्ग कार्य भएको देखिने नापी किताव र प्राविधिक मूल्यांकन पेश गर्नुपर्ने रु. | ३३०,६५० |
| ७२ | | | **अधुरो कार्यः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद ऐन को दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको कम त्यस्तो सम्झौताको अवधीभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै निवेदन दिनुपर्ने र त्यस्तो निवेदन प्राप्त भएपछि निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा सुरू सम्झौता अवधीको पन्ध्र प्रतिशत सम्मको अवधी वोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढी पच्चीस प्रतिशत अवधी सम्मको म्याद विभागिय प्रमुखले र सो भन्दा बढी अवधीको म्याद सम्बन्धित मन्त्रालय वा निकायको सचिवले थप गर्न सक्ने व्यवस्था छ।पालिकावाट प्राप्त विवरण अनुसार देहायका योजनाहरु तोकिएको समयमा सम्पन्न हुन नसकी अधुरो रहेका छन।अधुरो निर्माण कार्यको सम्झौता मिति, सम्पन्न गर्ने अवधी र म्याद थपको विवरण निम्नानुसार छ। | |

| **योजनाको नाम** | **निर्माण** सेवा | **सम्झौता** रकम | **सम्झौता** मिति | **सम्पन्न** गर्ने मिति | **म्याद** थप | **२०७८।७९** सम्म भुक्तानी |
|---|---|---|---|---|---|---|
| वडा नं. ८ मा परियोजना कार्यालय देखि खुजुरिया हुदै गौशला जाने सडक कालोपत्र कार्य | युनिभर्सल कन्सट्रक्सन एण्ड वाटर ट्रिटमेन्ट प्रा.लि. | ७६८६९३३ | २०७७।९।७ | २०७८।३।७ | २०७८ चैत मसान्त | २२०८८२ |
| लोकमार्ग देखि दक्षिण जनता मा.वि. सम्म जाने सडक कालोपत्रे गर्ने | देवी रमण निर्माण सेवा | २१०२३२३४ | २०७७।१२।८ | २०७८।१२।७ | छैन | १२०७९४७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कार्य | | | | | | |
| मोडेल एग्रोभिलेजको व्यवस्थापन,software को विस्तार, सञ्चालन र नियमिति प्राविधिक सहयोग गर्ने | कान्जिरोवा एग्रो कन्सल्ट प्रा.लि. | ८४५३६४३ | २०७६।१।६ | २०७८।५।६ | छैन | ६३३३२६५ |

| | | | | |
|---|---|---|---|---|
| ७२.१ | | | वडा नं ८ मा परियोजना कार्यालय देखि खजुरिया हुदै गौशाला जाने सडकमा कालोपत्रे गर्ने कार्यका लागि युनिभर्सल कन्सट्रक्सन एण्ड वाटर ट्रिटमेन्ट प्रा.लि. सँग रु. ७६,८६,९३३/- लागतमा निर्माण कार्य मिति २०७८।३।७ मा सम्पन्न गर्ने गरी २०७७।९।७ मा खरिद सम्झौता भएको देखिन्छ। निर्माण व्यवसायीलाई पालिकाले प्रथम विलबाट २०७८।९।२७ मा सव वेस कार्यको मूल्यांकन गरी रु. २२,०८,८२७/- भुक्तानी दिएको छ। निर्माण व्यवसायीले दिएको निवेदन अनुसार प्रथम पटक २०७८ चैत मसान्त सम्म म्याद थप भएको र सो पश्चात पनि निर्माण कार्य सम्पन्न हुन नसकी अधुरै रहेको छ । त्यसपछि कार्य सुचारु गर्नुपर्नेमा म्याद थप माग नगरेकोले निर्माण व्यवसायी कै कारण काममा ढिला सुस्ती भएको देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ र १२८ तथा खरिद सम्झौताको शर्त बमोजिम आवश्यक कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नु गराउनुपर्दछ। | |
| ७२.२ | | | लोक मार्ग देखि दक्षिण जनता माध्यमिक विद्यालय सम्म कालोपत्र कार्यको लागि देवी रमण निर्माण सेवासँग रु. २,१०,२३,२३४/- लागतमा मिति २०७८।१२।८ मा भएको सम्झौता अनुसार मिति २०७८।१२।७ मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा कार्य तालिका अनुसार कार्य नगरी विलम्ब गरेको र निर्माण व्यवसायीले म्याद थपको लागि कार्यालयमा निवेदन पेश नगरेको कारण कार्यालयबाट समेत म्याद थप नभै अधुरै रहेको पाइयो। निर्माण व्यवसायीलाई पालिकाले दोस्रो रनिङ्ग विल सम्म रु. ६२,४८,०४०/- भुक्तानी दिएको छ। निर्माण व्यवसायीले सम्झौतामा उल्लेखित स्वीकृत कार्यतालिका अनुसार कालोपत्रे सडक निर्माण कार्यमा प्रगति गर्न नसकेको, निर्माण कार्यको सम्पन्न गर्नुपर्ने म्याद व्यतित भएको ९ महिना (२०७९।१०।८) सम्म भौतिक प्रगति न्यून रहेको, निर्माण व्यवसायीले म्याद थपको निवेदन नदिएको, कार्य सम्पादन जमानतको म्याद २०७९।१२।२ सम्म मात्र रहेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ र १२८ तथा खरिद सम्झौताका शर्त बमोजिम आवश्यक कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नु गराउनुपर्ने देखिन्छ । | |
| ७२.३ | | | मोडेल एग्रो भिलेजको व्यवस्थापन सफ्टवयेर विकास, सञ्चालन र नियमित प्राविधिक सहयोग गर्न कान्जिरोवा एग्रो कन्सल्ट प्रा.लि.सँग रु. ८४,५३,६४३/- लागतमा मिति २०७६।१।६ मा भएको सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने म्याद २०७८।५।६ रहेको थियो। सम्झौता गर्दा २०७५।७६ मा ३० प्रतिशत, आर्थिक वर्ष २०७६।७७ मा ४० प्रतिशत र २०७७।७८ मा ३० प्रतिशत भुक्तानी गर्ने तालिका रहेकोमा पालिकाले २०७६।१।२६ मा २३७५००, २०७६।२।२९ मा १४,९०,३५७/-, २०७६।३।१७ मा १०,४५,४०८/-,२०७६।१०।७ मा १७,६०,०००/-, र २०७८।६।२० मा रु. १८,००,०००/- गरी हालसम्म जम्मा रु. ६३,३३,२६५/- भुक्तानी भई सकेको छ।सम्झौता गर्दा मोडेल एग्रो भिलेज अन्तर्गतका प्रमूख कार्यहरुको लागि प्राविधिक सहयोग गर्ने, एग्रो भिलेज, पिस एण्ड फण्डको डि.पि.आर. तयारी लगायत एग्रो भिलेज भित्रका विभिन्न निर्माण हुने संरचनाको नियमित अनुगमन गर्ने आदि कार्य उल्लेख भएतापनि ऐग्रोभिलेज भित्र स्थापना हुने संरचना निर्माणको कार्य करिव ५० प्रतिशत मात्र भएको र हुनुपर्ने कामको प्रगतिको मूल्यांकन नगरी सम्झौता रकम मध्ये ७५ प्रतिशत भुक्तानी दिएको छ।परामर्शदातासँग भएको खरिद सम्झौताको अवधी समेत समाप्त भएको र परामर्शदाताले गर्नुपर्ने कामको प्रगति न्यून रहेकोमा प्रगतिको मूल्यांकन नगरी रकम भुक्तानी दिन मनासिव देखिदैन।अत: पालिकाले खरिद सम्झौता बमोजिम कार्यप्रगतिको आधारमा मात्र भुक्तानी दिने तर्फ ध्यान दिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ७३ | | | **कोल्डस्टोर भवन निर्माण (ठेक्का नं. ११-२०७५।७६)** कोल्ड स्टोर भवन निर्माण कार्यको लागि रु. ६,१२,९०,४७८।- मा २०७७।१।१७ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७६।३।१८ मा पालिका र सिनर्जि ज्ञानज्योति जे.भि.काठमाडौंवीच सम्झौता भएकोमा यस वर्ष सम्म रु.४,६९,२५,५५९।- भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन । | |
| ७३.१ | | | **म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकीएको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को बाह्रौ संशोधन बमोजिम म्याद समाप्त भएको ठेक्काको निर्माण व्यवसायीले यो नियम प्रारम्भ भएको २१ दिन भित्र कार्यतालिका सहित सम्झौताको अबधि थपको लागि सम्वन्धित निकायमा निवेदन दिनुपर्ने र निवेदन दिएको एक महिनाभित्र वोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । तर उक्त भवन निर्माण कार्यको सूरुको म्याद भित्र कार्य सम्पन्न हुन नसकी तेस्रो पटक २०७८।५।२२ मा २०७८।१२।३० सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप भएकोमा उक्त म्याद भित्र समेत कार्य सम्पन्न हुन सकेको देखिएन भने म्याद थपको लागि निर्माण व्यवसायीले निवेदन समेत दर्ता नगरेको र उक्त निर्माण कार्यको पेश्की र कार्यसम्पदान जमानतको म्याद समाप्त भईसकेको देखिन्छ । म्याद समाप्त भएको अवस्थामा म्याद थपको लागि निर्माण व्यवसायिले निवेदन दर्ता गरेको नदेखिएकोले पालिकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ र १२८ तथा खरिद सम्झौताका शर्त बमोजिम कार्य सम्पन्न गराउनुपर्दछ । | |
| ७३.२ | | | **पेश्की जोखिम** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा पेश्कीको वैंक जमानतको म्याद खरिद सम्झौताको अबधि सम्मको हुनुपर्ने उल्लेख छ । तर भवन निर्माण कार्यको लागि निर्माण व्यवसायीले पेश गरेको सनराईज बैंकको बैक जमानतको म्याद १६ जुलाई २०२२ मा समाप्त भईसकेको र निर्माण व्यवसायीलाई दिएको पेश्की मध्ये रु. ४४,२३,०००।- लेखापरीक्षण अबधि २०७९।१०।१० सम्म पनि फछ्र्यौट भएको छैन । पालिकाले म्याद समाप्त भएको अवस्थामा उक्त पेश्की जमानत रकम जफत गर्नुपर्नेमा सो गरेको देखिएन भने उक्त निर्माण कार्यको कार्य सम्पादन जमानतको म्याद समेत समाप्त भईसकेको अवस्थामा पेश्की रकम जोखिममा परेकोले उक्त बाँकी पेश्की रकम असूल फछ्र्यौट गर्नुपर्ने रु. | ४,४२३,००० |
| ७३.३ | | | **म्याद थप नगरी रनिङ विलको भुक्तानी** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२०(१) मा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदनको आधारमा अधिकार प्राप्त अधिकारीले अवधि बढाउन सक्ने व्यवस्था छ । पालिकाले कोल्डस्टोर भवन निर्माण कार्यको लागि तेस्रो पटक थप गरेको म्याद २०७८।१२।३० मा समाप्त भई सकेको अवस्थामा म्याद थप नगरी मिति २०७९।१।९ मा दशौ रनिङ विलको रकम रु. ५४,०१,३९७।- मा पेश्की रु. ५,००,०००।- कट्टी गरी रु. ४९,०१,३९७।- भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु. | ४,९०१,३९७ |
| ७३.४ | | | **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । भवन निर्माण कार्यको दशौ रनिङ विल अनुसार दशौ रनिङ विलसम्मको जम्मा रकम रु. ४,६९,२५,५५९।- भएको र अघिल्लो विल सम्मको जम्मा रकम रु. ४,१८,१७,४९७।- भएकोमा दशौ विलवाट अघिल्लो विलको रकम घटाउदा रु. ५१,०८,०६२।- भुक्तानी गर्नुपर्नेमा दशौ विलको रकम रु. ५४,०१,३९७।- देखाई सो विल रकममा पेश्की रु. ५,००,०००।- कट्टी गरी रु. ४९,०१,३९७।- भुक्तानी दिदा | २९३,३३५ |

<table>
<tr><td></td><td></td><td></td><td>रु. २,९३,३३५।- बढी भुक्तानी दिएको देखिन्छ । बढी भुक्तानी भएको रकमको सम्वन्धमा एकन गरी असूल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>७३.५</td><td></td><td></td><td>पेश्की कट्टी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी वीच भएको भवन निर्माण कार्यको सम्झौतामा ३० प्रतिशत कार्य सम्पन्न भए पश्चात प्रत्येक रनिङ विलवाट ३० प्रतिशत कट्टी गर्ने र निर्माण कार्यको ८० प्रतिशत कार्य सम्म हुने वेला सम्म पेश्की दिएको रकम फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । भवन निर्माण कार्यको भेरिएसन पछिको सम्झौता रकम रु. ५,८९,८९,०१३।- कायम भएकोले उक्त सम्झौता रकमको ८० प्रतिशत रकम दशौ विल सम्म पुगि सकेकोले र रनिङ विल भुक्तानी गर्दा सम्झौता बमोजिम ४० प्रतिशत पेश्की रकम कट्टी समेत नगरेकोले दशौ विल भुक्तानी भएको मिति २०७९।१।९ देखि पेश्की बाँकी रहेको रु. ४४,२३,०००।- को वार्षिक १० प्रतिशतको दरले व्याज गणना गरी असूल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन कोष<br>खर्चको पुष्ट्याई : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। पालिकाले आपतकालीन नदि नियन्त्रण एवं व्यवस्थापनका लागि विभिन्न मितिमा ३*१*१ मेस साइजको जम्मा २२४ थान जाली आर.टि.एस. कन्सट्रक्सन एण्ड सप्लायर्सबाट रु.११,८४,०७२।- मा खरिद गरिएकोमा उक्त मेस साइजको जाली कुन कुन ठाउँमा प्रयोग भएको तथा कति संख्यामा मौज्दात रहेको छ सोको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>विक्रेताको नाम</th><th>परिमाण</th><th>प्रति थान</th><th>जम्मा</th></tr>
<tr><td>११।२०७८।६।८</td><td>आर.टि.एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स (३०४२०९९६९)</td><td>७५</td><td>६२१५</td><td>४६६१२५</td></tr>
<tr><td>३५।२०७९।३।१३</td><td>आर.टि.एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स (३०४२०९९६९)</td><td>१४९</td><td>४८१८.४३</td><td>७१७९४७</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>११८४०७२</td></tr>
</table></td><td>१,१८४,०७२</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>धरौटीतर्फ</td><td></td></tr>
<tr><td>७५.१</td><td></td><td></td><td>नाम नामेसी नखुलेको धरौटीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको कारोबारको लेखा तोकिएको ढाँचामा गोश्वारा खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले धरौटी खातामा गत वर्षको बैंक स्टेटमेन्ट अनुसार मौज्दात रहेको रु. १,३३,२६,३६७।७३ जिम्मेवारी सार्दा व्यक्तिगत धरौटी खाता अनुसार नामनामेसी खुलाई अल्या गर्नुपर्नेमा आंशिक व्यक्ति तथा फर्मको नामनामेसी अल्या गरेको देखिएता पनि नामनामेसी नखुलेको रकम रु. ४५,३३,७५७।५० एकमुष्ट जिम्मेवारी सारेको देखिन्छ । धरौटी अल्या गर्दा नामनमेसी नखुलाई अल्या गरेको धरौटीको सम्वन्धमा एकिन गरी प्रयोजन समाप्त भएको र नामनामेसी नखुलेको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिमको प्रक्रिया पुरा गरी धरौटी रकम सदरस्याहा गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७५.२</td><td></td><td></td><td>धरौटी फिर्ताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा विल विजकको भुक्तानीमा कट्टी गरिएको धरौटी रकम फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार फर्मलाई धरौटी रकम फिर्ता दिएकोमा उक्त फर्मले मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गरेको देखिएन । तसर्थ, मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ. नं. र मिति</th><th>फर्मको नाम</th><th>धरौटी फिर्ता रकम</th></tr>
</table></td><td>३२३,५१२</td></tr>
</table>

| | | |
|---|---|---|
| २।२०७८।५।७ | पैरवी कन्सट्रक्सन प्रा.लि. (६०६५४४१६६) | ८५७३० |
| ३।२०७८।५।७ | निशा इन्टरनेशलन प्रा.लि. | १७५९०५ |
| ४।२०७८।५।१० | नेरिसा कन्सट्रक्सन कम्पनी प्रा.लि. | ६१८७७ |
| **जम्मा** | | **३२३५१२** |

७५.३ **ऋणात्मक व्यक्तिगत धरौटी खाता :** पालिकाले गत बर्षको धरौटी मौज्दात रकम अल्या गर्दा व्यक्तिगत धरौटी खाता अनुसार नामनामेसी खुलाई अल्या गर्नुपर्नेमा नामनामेसी नखुलाई एकमुष्ठ धरौटीको मौज्दात अल्या गर्दा निम्नानुसारका विभिन्न व्यक्ति एवं फर्महरुलाई धरौटी फिर्ता गर्दा निजहरुको नाममा रहेको धरौटीको व्यक्तिगत खाता ऋणात्मक देखिएको छ । पालिकाले गत बर्षको मौज्दात नामनामेसी नखुलाई एकमुष्ठ जिम्मेवारी सारेकोले धरौटी रकम फिर्ता गर्दा व्यक्तिगत खातामा धरौटी ऋणात्मक देखिएकोले फिर्ता भएको धरौटी रकम सम्वन्धित फर्म एवं व्यक्तिको भए नभएको एकिन गर्न नसकिने हुँदा धरौटीको व्यक्तिगत र गोश्वरा खाता अद्यावधिक गरी पालिकाले हिसाव मिलान गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| **क्र.स.** | **व्यक्ति एवं फर्मको नाम** | **ऋणात्मक रकम** |
|---|---|---|
| १ | व्याहुत निर्माण सेवा | ३०३५०० |
| २ | आकृति एडभरटाइजिङ्ग | ९५००० |
| ३ | बर्दिवास कम्प्युटर सप्लायर्स | ३६००० |
| ४ | अविष्कार इनर्जि प्रा लि | ४९५०० |
| ५ | न्यू भवानी ट्रेड कन्सर्न | ८५००० |
| **जम्मा** | | **५६९५००** |

७६ सम्परीक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको निम्नानुसार बेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गरिएकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ ।

| आर्थिक बर्ष | बेरुजुको दफा नं | बेरुजुको संक्षिप्त व्यहोरा | रकम | कैफियत |
|---|---|---|---|---|
| २०७५।७६ | ८४ र ९१ | बिश्वकर्मा चोक देखि भव्सी डाँडा सडकको बेरुजु राजस्व दाखिला भएको | १२९१५८ | असुली |
| जम्मा | | | १२९१५८ | |